# रोमीहरूलाई पावलको पत्र

१ ख्रीष्ट येशूका सेवक पावलबाट। परमेश्वरले मलाई
एक प्रेरित* भनेर बोलाउनु भयो अनि सबै मानिसहरूलाई
सुसमाचार भन्न मलाई छान्नु भएको छ।
२परमेश्वरले धेरै पहिले नै आफ्ना अगमवक्ताहरूद्वारा
उहाँका मानिसहरूलाई सुसमाचार दिनु भनेर वचन
दिनुभएको थियो। त्यो वचन पवित्र धर्मशास्त्रहरूमा
लेखिएको छ। ३-४सुसमाचार भन्नु नैं हाम्रा प्रभु येशू
ख्रीष्ट, परमेश्वरको पुत्रको विषयमा बताउनु हो। व्यक्तिको
रूपमा उहाँ दाऊद* परिवारमा जन्मिनु भएको थियो।
तर पवित्र आत्माको माध्यमबाट येशूलाई परमेश्वरको
पुत्र भनेर देखाउनु भयो। उहाँलाई परमेश्वरको पुत्र भनेर
महान शक्ति मृत्युबाट जगाएर देखाउनु भयो। ५ख्रीष्टको
माध्यमबाट परमेश्वरले मलाई प्रेरितको खास काम
सुम्पिनु भयो। परमेश्वरले यो काम सारा राष्ट्रहरूका
जातिहरूलाई डोऱ्याएर प्रभुमाथि विश्वास गर्न र उहाँको
कुरा पालन गर्नु भनेर सुम्पिनु भयो। यो म ख्रीष्टको
निम्ति गर्दछु। ६अनि रोममा भएका मानिसहरू तिमीहरूलाई
पनि येशू ख्रीष्टकै परिवार बन्नु भनेर बोलाइयो।
७यो पत्र तिमीहरू सबै रोमवासीहरूलाई हो कि
प्रभुले तिमीहरूलाई आफ्ना पवित्र मानिसहरू भनेर
बोलाउनु भएको छ। तिमीहरू ती मानिसहरू हौ जसलाई
परमेश्वरले प्रेम गर्नुहुन्छ।

तिमीलाई हाम्रा पिता परमप्रभु र येशू ख्रीष्टबाट
अनुग्रह र शान्ति।

### धन्यवादको प्रार्थना

८सर्वप्रथम तिमीहरू सबै जनाको लागि येशू ख्रीष्टको
माध्यमबाट मेरा परमेश्वरलाई म धन्यवाद प्रकट गर्दछु।
म मेरा परमेश्वरलाई त्यस करणले धन्यवाद प्रकट गर्दछु
कि संसारमा चारैतिर मानिसहरूले तपाईको विश्वासको
विषयमा कुरा गरिरहेका छन्। ९-१०प्रत्येक समय म
प्रार्थना गर्दछु र सधैं सम्झना गर्दछु। प्रभुलाई यो सत्य
हो भन्ने थाहा छ। परमेश्वर एक हुनुहुन्छ। जसको सेवा
म आफ्नो आत्मामा उहाँकै पुत्रको सुसमाचारको प्रचारद्वारा
गर्दछु। म प्रार्थना गर्छु कि मलाई तिमीहरूलाई भेट्ने
अनुमति दिइयोस। परमेश्वरले चाहनु भयो भने मात्र यी
सबै हुनेछ। ११म तपाईंहरूलाई हेर्न एकदमै इच्छुक छु।
म तिमीहरूलाई कुनै आत्मिक उपहार दिन चाहन्छु
जसले तिमीहरूलाई दरिलो बनाओस्। १२मेरो भन्नुको
तात्पर्य हामी प्रत्येकलाई विश्वासले परस्परमा प्रोत्साहन
गरोस्। तिमीहरूका विश्वासले मलाई सहयोग गर्छ अनि
मेरा विश्वासले तिमीहरूलाई सहयोग गर्दछ। १३दाजु-
भाइहरू अनि दिदी-बहिनीहरू, तिमीहरूले जान कि म
धेरै पटक तिमीहरू कहाँ आउने योजना गरें। म
तिमीहरूकहाँ आउन चाहन्थे ताकि तिमीहरूलाई आत्मिक
तवरले सहायता पुऱ्याउन सकुँ। म तिमीहरूलाई अन्य
अ-यहूदीहरूलाई जस्तै सहयोग गर्न चाहन्छु।
१४मलाई लाग्छ मैले सबै मानिसहरूलाई सेवा गर्नै
परेको छ: ग्रीकहरू, अ-ग्रीकहरू, ज्ञानी र मूर्ख मानिसहरू।
१५यसैले म रोममा तिमीहरूलाई पनि सुसमाचार प्रचार
गर्न इच्छुक छु।
१६म सुसमाचारको गौरव गर्दछु। सुसमाचार त्यस्तो
शक्ति हो जुन परमेश्वरले प्रयोग गर्नुहुन्छ जसले उहाँमाथि
विश्वास गर्छ पहिले यहूदी र अ-यहूदीहरूलाई रक्षा
गर्नलाई प्रयोग गर्नुहुन्छ। १७सुसमाचारले मानिसहरूलाई
उहाँसँग धार्मिक बन्ने कुरो प्रकट गरेको छ। परमेश्वरको
बाटोले मानिसहरूलाई प्रारम्भदेखि अन्तसम्म विश्वासद्वारा
धार्मिकतातिर डोऱ्याउँदछ। जस्तो धर्मशास्त्रमा भनिएको
छ, "जुन मान्छे परमेश्वरको विश्वासमा ठीक रहँदछ उ
अनन्तसम्म बाँच्ने छ।"*

---

**प्रेरित** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिस।

**दाऊद** ख्रीष्ट भन्दा प्राय: १००० वर्ष अधिका इस्राएलका राजा।

**"जुन मान्छे ... बाँच्ने छ"** हबकूक २:४।

### सबै गलत गरे

[१८]परमेश्वरको क्रोध स्वर्गबाट देखियो। परमेश्वर मानिसहरूले उहाँको विरुद्धमा दुष्ट र नराम्रा कामहरू गरेकोले रिसाउनुभयो। तिनीहरूसँग सत्य छ, तर त्यो सत्य उनीहरूका दुष्ट-कार्यले लुकाई दिएको थियो। [१९]परमेश्वरले आफ्नो क्रोध देखाउनुभयो, किनभने उहाँ बारे जान्नपर्ने प्रत्येक कुरो परमेश्वरले स्पष्टसित देखाइदिनु भएको छ। हो, उहाँले आफ्नो बारे सबैकुराहरू स्पष्ट बताइ दिइसक्नु भएको छ। [२०]परमेश्वरको विषयमा धेरै कुराहरू छन् जुन मानिसहरूले देख्न सक्तैनन् - उहाँकै अनन्तको शक्ति र अन्य थोकहरू जसले उहाँलाई परमेश्वर बनाउँछ। तर संसारको प्रारम्भदेखि नै ती सबै चीजहरू बुझ्न मानिसहरूलाई सजिलो भयो। ती थोकहरू स्पष्ट पारे जुन परमेश्वरले बनाउनु भएको थियो। यसैले ती सबै मानिसहरू आफूले गरेको खराब कामहरू बाट परमेश्वरदेखि उम्कन पाउँदैनन्। [२१]मानिसहरूले परमेश्वरलाई चिने। तर तिनीहरूले उहाँलाई परमेश्वरको रूपमा महिमा गरेनन् र धन्यवाद पनि प्रकट गरेनन्। मानिसहरूका विचारहरू निरर्थक भए अनि अन्धकारले तिनीहरूको मुर्खे बुद्धि ढाक्यो। [२२]मानिसहरूले आफूलाई ज्ञानी भनेर ठाने अनि तिनीहरू मूर्ख बने। [२३]तिनीहरूले परमेश्वरको महिमा गर्न छोड़िसके जो अनन्त हुनुहुन्छ। मानिसहरूले परमेश्वरको महिमालाई सांसारिक बस्तु जस्ता देखिने मूर्त्ति-पूजासित साटे। मानिसहरूले परमेश्वरको महिमालाई चरा-चुरूङ्गी, पशुहरू र सर्पहरू जस्ता देखिने बनाइएका मूर्ति-पूजा सित साटे।

[२४]मानिसहरू पापले भरिएका थिए, तिनीहरू दुष्ट कामहरू गर्न चाहन्थे। यसैले परमेश्वरले तिनीहरूलाई पापपूर्ण जीवनमै जीउन् भनेर छोड़िदिनु भयो। त्यसैले तिनीहरूले एका-अर्कामा आफ्ना शरीरहरूको अनादर गर्दै यौन-पापहरू गरे। [२५]ती मानिसहरूले परमेश्वरको सत्यलाई भूटमा परिवर्तन गर्न थाले। ती मानिसहरू ती थोकहरू पुज्न र सेवा गर्न थाले जुन ती आफैद्वारा बनाइएको थियो। तर प्रभुले बनाउनु भएको कुराहरूको उनीहरूले न त पूजा गरेन सेवा गरे। परमेश्वरको प्रशंसा सधैं हुनपर्छ। आमिन।

[२६]मानिसहरूले त्यस्तो कार्यहरू गरेकोले गर्दा परमेश्वरले तिनीहरूलाई लाजमर्दो काम गर्नलाई छोड़िदिनु भयो जुन तिनीहरू गर्न चाहन्थे। स्वास्नी मानिसहरूले पुरूषहरूसंग प्राकृतिक यौन सम्पर्क छाड़ेर स्त्रीसंग नै अप्राकृतिक यौन सर्म्पक गर्न थाले। [२७]त्यस्तै प्रकारले लोग्ने-मानिसहरूले पनि स्त्रीसंगको प्राकृतिक यौन छोड़ेर अन्य लोग्ने-मानिसहरूसँग अप्राकृतिक सम्बन्ध राख्न थाले। तिनीहरूले आपसमा शर्मजनक कामहरू गरे। अनि तिनीहरूले गलत काम गरेकोले गर्दा आफ्ना शरीरले कष्ट पाए।

[२८]परमेश्वरको सत्य ज्ञान राख्नु पर्छ भन्ने कुरालाई मानिसहरूले महत्व दिएनन्। यसैले मानिसहरूले न गर्नु पर्ने काम गर्नु हुँदैन। यसैले व्यर्थकै कामहरू गरोस् भनेर परमेश्वरले छाड़िदिनु भयो। [२९]तिनीहरूको मन हरेक प्रकारको पाप, दुष्ट्याइँ, स्वार्थपन र घृणाले भरिए। ती मानिसहरू आपसिक डाह, हत्याको भावना, लड़ाइँ, भूट र एक-अर्कामा दुर्विचारले भरिए। तिनीहरू गफ गर्छन्, [३०]आपसमा दुष्ट्याइँ पूर्ण कुराहरू गर्छन्। तिनीहरू परमेश्वरको घृणा गर्छन्। तिनीहरू रूखा, अहंकारी र ढीट छन्। तिनीहरूले नराम्रा कामहरू गर्ने नयाँ बाटोहरू खोजिहिड्छन्। तिनीहरूले आफ्ना माता-पितालाई पनि टेर्दैनन्। [३१]तिनीहरू मूर्ख छन् र तिनीहरूले आफ्नो भाकलहरू पूरा गर्दैनन्। तिनीहरूमा अरूहरू प्रति प्राकृतिक ममता हुँदैन अनि कसैलाई पनि दया देखाउँदैनन्। [३२]तिनीहरूले परमेश्वरको विधान जान्दछन्। त्यस्ता मानिसहरू मर्नै पर्छ भन्ने परमेश्वरको नियम तिनीहरू जान्दछन्। तथापि तिनीहरूले ती गलत कामहरू गरी मात्र रहेनन् तर अरूले त्यसो गरेको पनि ठीकै ठाने।

### तिमी यहूदीहरू पनि पापपूर्ण छौ

**२** यदि तिमीले अरूलाई जाँच गर्नसक्छु भनेर सोच्छौ भने, तब तिमी भूल धारणामा छौ। तिमीहरू पनि पापको दोषी छौं। तिमीले अरू मानिसहरूलाई जाँच गर्छौ तर तिमीहरूले पनि त्यस्तै नराम्रो कामहरू गरेका हुन्छौ। अत: जब तिमी तिनीहरूलाई जाँच गर्छौ तब तिमी आफैले आफूलाई जाँच गरिरहेका हुनेछौ। [२]जसले नराम्रा कामहरू गर्दछन् उनीहरूलाई परमेश्वरले न्याय गर्नुहुन्छ। अनि हामी जान्दछौं कि परमेश्वरको न्याय ठीक हुँदछ। [३]तिमीहरूले पनि ती गलत काम गर्नेलाई जाँच गर्दछौ। तर तिमी आफै पनि त्यस्तै नराम्रो काम गरिरहेका हुनेछौ। यसैले तिमीहरूलाई थाहा छ कि परमेश्वरले निश्चय न्याय गर्नुहुनेछ अनि त्यसबाट तिमीहरू भाग्न पाउने छैनौ। [४]के तिमी परमेश्वरका

दया, सहनशीलता र धैर्यलाई नकार्न सक्छौ? के तिमीहरू
उहाँको दया तिमीहरूकै हृदय र जीवन परिवर्त्तनको
निम्ति हो भन्ने कुरालाई अमान्य ठान्छौ? ५तर तिमीहरू
आफूलाई परिवर्तन गर्ने कुरामा अत्यन्त उग्र र हठी छौ।
अत: तिमीहरूले आफै प्रति परमेश्वरको क्रोधलाई
उकास्दै छौ जुन परमेश्वरको न्यायको बेला बुझ्ने छौ।
६परमेश्वरले मानिसहरूका आ-आफ्नो कर्म अनुसार
पुरस्कार अथवा दण्ड दिनुहुनेछ। ७कतिपय मानिसहरू
परमेश्वरको महिमा, सम्मान, र जीवनको लागि बाँच्दछ
जुन कहिल्यै नष्ट गर्न सकिंदैन। ती मानिसहरू जो यी
कुराहरूका निम्ति बाँच्दछन्, उनीहरू सधैं असल कर्म
गर्दछन्। परमेश्वरले तिनीहरूलाई अनन्तको जीवन दान
गर्नु हुँदछ। ८तर अन्य मानिसहरू स्वार्थी र सत्य
पछ्याउन अस्वीकार गर्दछन्। तिनीहरूले अधार्मिकताको
बाटो अप्नाउँदछन्। परमेश्वरले उनीहरूलाई दण्ड र क्रोध
दिनुहुँदछ। ९जसले दुष्ट कामहरू गर्दछन् उनीहरूलाई
परमेश्वरले दु:ख र पीडाहरू दिनुहुनेछ—पहिले यहूदीहरूलाई
र अ-यहूदीहरूलाई पनि। १०तर जसले असल कर्म
गर्दछ उनीहरूलाई परमेश्वरले गौरव, सम्मान र शान्ति
प्रदान गर्नुहुनेछ पहिले यहूदीहरूलाई र त्यसपछि गौर-
यहूदीहरूलाई। ११परमेश्वरले सबैलाई समान न्याय गर्नु
हुनेछ।

१२जस-जसले व्यवस्था* बिना पापकर्म गरेका छन्,
तिनीहरू व्यवस्था बिना नै नाश हुनेछन्। जसले व्यवस्था
पाएर पनि पाप कर्महरू गर्छन् तिनीहरूको न्याय व्यवस्थाको
अनुसार गरिने छ। १३व्यवस्था सुनेर मात्र मानिसहरू
परमेश्वरको अघि धार्मिक ठहरिंदैनन्, तर व्यवस्थाको
पालन गरेर धार्मिक बन्दछन्। १४अ-यहूदीहरूसँग व्यवस्थानै
छैन। तर जब उनीहरूले व्यवस्था अनुरूपका कुराहरू
स्वभावत: गर्छन् भने तिनीहरूसँग व्यवस्था नभए ता
पनि व्यवस्था भएकै बराबर हो। १५किनकि तिनीहरूले
सिद्ध गर्छन कि व्यवस्थाले भने अनुसारको कुरा
उनीहरूको हृदयमा लेखिएको हुन्छ। र उनीहरूका
विवेकले पनि उनीहरूलाई त्यसै भन्छ। अनि उनीहरूका
कर्म अनुसारका विचारहरूले तिनलाई दोष्याउँछन् वा
समर्थन गर्छन्। १६यी सम्पूर्ण कुराहरू त्यस दिनमा मात्र
हुने गर्दछ जब परमेश्वरले मानिसहरूका हृदयका गुप्त
कुराहरूको न्याय गर्नुहुनेछ। अनि जुन सुसमाचारले म
प्रचार गर्दछु यही भन्दछ कि परमेश्वरको न्याय ख्रीष्ट
येशूको माध्यमबाट हुनेछ।

### यहूदीहरू र व्यवस्था

१७तिमी को हौ? तिमी आफैले आफूलाई यहूदी
भन्दछौ। तिमी व्यवस्थामा भरोसा गर्दछौ अनि आफ्नो
परमेश्वरको घमण्ड गर्दछौ। १८तिमी जान्दछौ कि परमेश्वरले
तिमीहरूबाट के चाहनु हुन्छ। अनि तिमीहरू कुन कुरो
मुख्य छ त्यो जान्दछौ, किनभने तिमीहरूलाई व्यवस्थाले
सिकाएको छ। १९तिमी सोच्दछौं कि तिमीहरू नै
जनताको मार्गदर्शक हौ जसले ठीक मार्ग जान्दैनौ। तिमी
सोच्दछौ कि तिमीहरू जनताको निम्ति ज्योति हौं जो
स्वयंनै अन्धकारमा छौ। २०तिमीले आफूलाई ती अज्ञानी
मानिसहरूलाई सहीकुरा सिकाउने भनेर संझन्छौ। अनि
तिमीहरू आफूलाई मानिसहरूका उपदेशक भनेर ठान्दछौ
जसले धेरै सिक्नु परेको छ। तिमीहरूसँग व्यवस्था छ
यसैले तिमीहरू सोच्दछौ कि सबै कुराहरू जान्दछौ र
सबै सत्य तिमीहरूसँगै छ। २१तिमीहरूले अन्य
मानिसहरूलाई सिकाउँदैछौ। अत: तिमीहरू आफैलाई
किन पढाउँदैनौ? तिमीहरू अरूलाई नचोर किन भन्छौ
जब आफैचाहिँ चोर्दैछौं? २२तिमीहरू मानिसहरूलाई
व्यभिचारको पाप न गर्नु भन्छौ। तर तिमीहरू आफै
चाँहि त्यस्ता पाप गर्दछौ। तिमीहरू मूर्ती-पूजालाई घृणा
गर्दछौ। तब तिमीहरू आफै मूर्तिका मन्दिरहरूको धन
किन लुटछौ? २३परमेश्वरको व्यवस्थाको विषयमाथि
तिमीहरू घमण्ड गर्दछौ। तर तिमीहरूले परमेश्वरको
व्यवस्था भङ्ग गरेर उहाँलाई अनादर गर्दछौ। २४धर्मशास्त्रमा
लेखिएको छ: "तिमीहरूको कारणले, अन्य अ-यहूदीहरूद्वारा
परमेश्वरको अपमान भएको छ।"*

२५यदि तिमीहरूले व्यवस्था अनुसरण गरेका भए
तिमीहरूका खतनाको माने रहने थियो। तर यदि तिमीहरूले
व्यवस्था भङ्ग गर्‍यौ भने तिमीहरू कहिल्यै खतना
नभएको ठहर्ने छौ। २६अ-यहूदीहरूको खतना भएको
हुँदैन। तर यदि तिनीहरूले व्यवस्था अनुसार त्यसो गरे
भने तिनीहरू खतना भएका ठहर्दछन्। २७तिमी यहूदीहरूसँग
लिखित व्यवस्था र खतना छ, तर तिमीहरूले व्यवस्था

---

**व्यवस्था** परमेश्वरको व्यवस्था। यो मोशाको व्यवस्थामा जनाइएको छ।

**"तिमीहरूको … भएको छ"** यशैया ५२:५।

भङ्ग गऱ्यौ। अत: ती मानिसहरू जसको शारीरिक खतना भएको छैन, तर तिनीहरूले व्यवस्थालाई मान्दछन्, यसले तिमीहरू दोषी भएको देखाउँदछ।

२८यदि एक व्यक्ति शारीरिक रूपले मात्र यहूदी हो भने उ साँचो अर्थमा यहूदी होइन। सत्य खतना शारीरिक खतना मात्र होइन। २९एक व्यक्ति मनको भित्री तहबाट मात्र साँचो यहूदी हुँदछ। साँचो खतना आत्माद्वारा हृदयमा भएको हुँदछ विधानद्वारा होइन। यो आत्माले गरेको हुँदछ, लिखित विधानले गरेको हुँदैन। हृदयमा खतना भएको व्यक्तिले मात्र परमेश्वरबाट प्रशंसा पाउँदछ, अनि मानिसहरूबाट होइन।

**३** यसकारण के यहूदीहरूमा अन्य अ-यहूदीहरूमा नभएको कुरा छ त? खतनामा के विशेषता छ? २हो, यहूदीहरूसँग धेरै विशेष कुराहरू छन्। मुख्य कुरा यो हो: परमेश्वरले आफ्ना शिक्षाहरूबाट यहूदीहरूलाई विश्वास गर्नु भयो। ३यो सत्य हो कि कतिपय यहूदीहरू परमेश्वरको आज्ञाकारी थिएनन्। तर त्यसले के परमेश्वरको भाकल पूरा गर्न रोक्ने छ? ४अहँ! परमेश्वर सत्य भएरै रहनु हुन्छ, सबै मानिसहरू झूटो भए पनि। धर्मशास्त्रहरूमा लेखिएको छ:

"तिमीहरू आफ्ना वचनहरूमा सच्चा प्रमाणित हुने छौ जब बोल्दछौ, अनि तिमीहरूले जित्ने छौ जब तिनीहरूको न्याय हुनेछ।"

*भजनसंग्रह ५१:४*

५जब हामी गल्ती गर्छौं, त्यसले परमेश्वर सही हुनुहुन्छ भन्ने कुरा अझ स्पष्ट पार्दछ। अत: के हामी भन्न सक्छौ कि परमेश्वरले हामीलाई दण्ड दिनुहुँदा उहाँ बेठीक हुँदछ? म मानव विचारको अनुसार बोल्दैछु। ६होइन! यदि परमेश्वरले हामीलाई दण्ड दिनसक्नु भएन भने, उहाँले संसारलाई न्याय गर्न सक्नुहुन्न।

७कुनै व्यक्तिले भन्नसक्ला, "जब म झूटो बोल्छु, यसले परमेश्वरलाई अझै बढ़ी महिमा दिँदछ, किनभने मेरो झूटले परमेश्वरको सत्यलाई प्रकट गर्दछ। अत: म किन पापीको रुपमा न्याय गरिऊँ?" ८तब हामी भन्न सक्छौ, "हामीले दुष्ट काम गर्न पर्छ ताकि असल चीज आउला।" कतिपय मानिसहरूले हामीलाई निन्दा गर्दौं भन्दछन् कि हामी नै त्यस्ता कुरा सिकाउँछौं। ती भर्त्सना हुनैपर्छ।

### सबै मानिसहरू दोषी छन्

९अत: हामी यहूदीहरू के अन्य मानिसहरू भन्दा श्रेष्ठ छौ? होइन, कदापि छैनौं। हामीले पहिल्यै भनिसकेका छौं कि यहूदीहरू र अ-यहूदीहरू सबै समानरूपले पापको शक्तिमुनि छौं। १०धर्मशास्त्रले भन्दछ:

"त्यहाँ पापरहित मानिस कोही छैनन्। एउटै पनि छैनन्!
११ त्यहाँ कोही बुझ्ने मान्छे छैनन्। त्यहाँ परमेश्वरको खोजी गर्ने एकैजना पनि छैन
१२ सबैले परमेश्वरपट्टि पीठ फर्काएका छन् अनि सबै निकम्मा भएका छन्। असल कर्म गर्ने कोही छैन। एकैजना पनि छैन"

*भजनसंग्रह १४:१-३*

१३ "मानिसहरूका मुख खुल्ला चिहानहरू जस्ता छन् तिनीहरू जिब्रोले अरूलाई धोका दिंदछन्।"

*भजनसंग्रह ५:९*

"तिनीहरूले जुन कुराहरू भन्दछन् ती सर्पका विष जस्ता हुँदछन्,"

*भजनसंग्रह १४०:३*

१४ "तिनीहरूका मुखहरू श्राप र तीतोपनले परिपूर्ण छन्,"

*भजनसंग्रह १०:७*

१५ "तिनीहरूका खुट्टा हत्या गर्नमा छीटो कुद्दछन्।
१६ जता-जता तिनीहरू जान्छन् त्यहाँ सर्वनाश र विपत्ति ल्याउँदछन्।
१७ तिनीहरू शान्तिको बाटो जान्दैनन्।"

*यशैया ५९:७-८*

१८ "तिनीहरूमा परमेश्वरको डर छैन।"

*भजनसंग्रह ३६:१*

१९हामी जान्दछौं कि व्यवस्थाले भने झैं, त्यो व्यवस्थाकै अधीनमा हुनेहरूलाई हो। यसले सारा मानवीय बहानाहरूको अन्त गर्नेछ र सम्पूर्ण संसारलाई परमेश्वरको न्यायको अधीनमा ल्याउने छ। २०किनभने व्यवस्थालाई

पछ्याएर कोही पनि परमेश्वरको अघि धर्मी हुन सक्तैन।
व्यवस्थाले हाम्रो पापलाई मात्र औंल्याउँदछ।

### प्रभुले कसरी मानिसहरूलाई ठीक बनाउनु हुन्छ

२१तर अब व्यवस्था बिना नै मानिसहरूलाई धार्मिक
बनाउने परमेश्वरको नयाँ बाटो देखापरेको छ। व्यवस्था
र अगमवक्ताहरूले हामीलाई त्यस नयाँ बाटोको विषयमा
भनेका छन्। २२परमेश्वरले हामीलाई येशू ख्रीष्टमा
विश्वासको माध्यमद्वारा धर्मी बनाउनु हुन्छ। परमेश्वरले
कुनै पक्षपात बिना नै सबैलाई बनाउनु हुन्छ जसले
ख्रीष्टमा विश्वास गर्छ। २३सबै मानिसहरूले पाप गरे
अनि परमेश्वरको महिमा गुमाए। २४मानिसहरू परमेश्वरको
अनुग्रहद्वारा धर्मी बनाइए। यो सित्तैको उपहार हो। येशू
ख्रीष्टको माध्यमद्वारा परमेश्वरले मानिसहरूलाई पापबाट
मुक्त गराउँदै धर्मी बनाउनु हुन्छ। २५परमेश्वरले हामीहरूका
पापहरूको छुटकाराको निम्ति येशूलाई पठाउनु भयो।
तिनीहरूका विश्वासको कारणले परमेश्वरले येशूका
रक्तद्वारा मानिसहरूलाई पापको क्षमा दिनुहुन्छ। उहाँ
धार्मिक हुनुहुन्छ भन्ने देखाउनलाई परमेश्वरले यसो गर्नु
भयो। आफ्नो धैर्यको कारणले परमेश्वरले मानिसहरूलाई
तिनीहरूले गरेको पापहरूको निम्ति सजाय दिनुभएन।
२६अहिले धरी पनि उहाँ धार्मिक नै हुनुहुन्छ भन्ने
देखाउन परमेश्वरले यसो गर्नुभयो। परमेश्वरले यस्तो
देखाउन गर्नुभयो कि उहाँ न्यायी हुनुहुन्छ र येशूमा
उनीहरूको विश्वासद्वारा मानिसहरूलाई धार्मिक पनि
बनाउन सक्नु हुन्छ।

२७अत: हामीले आफैले त्यस्तो घमण्ड गर्ने कुनै
ठाउँ छ? अहँ, कुनै ठाउँ छैन। किन ठाउँ छैन?
किनभने यो विश्वासको मार्ग हो अथवा व्यवस्थाको
मार्ग हो। २८किन? किनभने हामी विश्वास गर्दछौं कि
एउटा व्यक्ति व्यवस्था विनै विश्वासद्वारा धार्मिक
बनाइन्छ। अनि हामी यही विश्वास गर्छौं। २९परमेश्वर
यहूदीहरूका मात्र परमेश्वर हुनुहुन्न। उहाँ अ-यहूदीहरूका
पनि परमेश्वर हुनुहुन्छ। ३०परमेश्वर एउटै मात्र हुनुहुन्छ।
उहाँले यहूदीहरूलाई तिनीहरूका विश्वासद्वारा धर्मी
बनाउनु हुनेछ। त्यसरी नै अ- यहूदीहरूलाई पनि
तिनीहरूको विश्वासद्वारा धर्मी बनाउनुहुनेछ। ३१अत:
हामीले विश्वासको बाटोमा लागेर व्यवस्था नष्ट गरिदिनु?
होइन! विश्वासले हामीलाई त्यही बनाउँछ जुन व्यवस्थाले
चाहन्छ।

### अब्राहामको उदाहरण

४ यसकारण हाम्रा मानिसहरूका पुर्खा अब्राहामबारे
हामी के निष्कर्षमा पुग्छौं? विश्वासको बारेमा उनले
के सिके? २यदि उनले गरेकै कर्मबाट धार्मिक बनाइएको
हो भने, तब उनीबाट घमण्ड गर्ने कारण थियो। तर
अब्राहामले परमेश्वरको सामु घमण्ड गर्न सकेनन्।
३धर्मशास्त्रले भन्छ, "अब्राहामले परमेश्वरमा विश्वास
गरे। अनि उनको विश्वास परमेश्वरले एक धर्मीको
रूपमा गन्नुभयो।"*

४जब कुनै मानिसले काम गर्दछ, उसलाई उपहारको
रूपमा ज्याला दिइँदैन। उसले पाउनु पर्ने ज्याला कमाउँछ।
५कसैले त्यस्तो काम गर्न सक्दैन जसले उसलाई धर्मी
बनाउने छ। यसैले मानिसले परमेश्वरमा विश्वास गर्नु
पर्दछ जसले उसलाई धर्मी बनाउनुहुन्छ। तब परमेश्वरले
उसको विश्वास ग्रहण गर्नुहुन्छ र उसलाई धर्मी बनाउनु
हुन्छ। ६त्यस्तै प्रकारले, दाऊदले त्यस व्यक्तिको प्रसन्नता
व्यक्त गरे जसलाई परमेश्वरले उसको कर्महरू नविचारी
धर्मी ठहराउनु हुन्छ। दाऊदले भने:

७ "धन्य हुन तिनिहरू जसका दुष्कर्महरू क्षमा
भए र पापहरू ढाकिए। धन्य हुन ती जसको
पापको लेखा परमेश्वरले लिनु हुन्न।
८ अनि जब परमप्रभु पापरहित मानिसलाई स्वीकार
गर्नुहुँदैछ, त्यो मानिस साँच्ची नै खुसी हुँदछ।"

*भजनसंग्रह ३२:१-२*

९यस्ता आशिष त्यस्ता मानिसहरूलाई मात्र हुन्
जसले खतना गरेका छन्? अथवा ती खतना नगर्नेहरूलाई
पनि हो? हामीले भनिसकेका छौ अब्राहमको विश्वास
एउटा धर्मीको रूपमा गनिएको थियो। १०यो कसरी हुन
गयो? के परमेश्वरले अब्राहामलाई उनले खतना गर्नअगाडि
अथवा खतना गरेपछाड़ि स्वीकार गर्नुभयो? परमेश्वरले
उनलाई खतना गर्नअगाडि स्वीकार गर्नु भएको थियो।
११परमेश्वरले स्वीकार गर्नुभयो भनेर देखाउनका लागि
अब्राहामले पछि खतना गरे। परमेश्वरले स्वीकार गरेको
देखाउनका लागि उनले आफ्नो खतना अगाडि परमेश्वरको
विश्वास गरेको प्रमाणित गरे। यसैले अब्राहाम सबैका
पिता हुन् जसलाई खतना नगरेकाहरूले पनि विश्वास

---

**"अब्राहामले ... गन्नुभयो"** उत्पत्ति १५:६।

गर्दछन्। जसले विश्वास गर्दछ उसलाई पनि धर्मीको
रूपमा ग्रहण गरिने छ। १२अनि अब्राहाम ती खतना
गर्नेहरूका पनि पिता हुन्। तर तिनीहरूका खतनाले गर्दा
मात्र अब्राहाम उनीहरूका पिता भएका होइनन्। उनी
तिनीहरूका पनि पिता हुन् यदि तिनीहरू हाम्रा पिता
अब्राहामको विश्वास जस्तै अनुसरण गर्दछन् जुन उनले
आफ्नो खतना गर्न भन्दा अघि देखाएका थिए।

### विश्वासद्वारा परमेश्वरको प्रतिज्ञा पाउन सकिन्छ

१३अब्राहाम र उनका भावी सन्तानले परमेश्वरको
प्रतिज्ञा पाएकि उनीहरूले। सारा संसार पाउने छन्।
अब्राहामले त्यो प्रतिज्ञा पाएको व्यवस्थालाई विश्वास
गरेको कारणले होइन। अब्राहामले परमेश्वरको प्रतिज्ञा
पाएको कारण उनी आफ्नो विश्वासले गर्दा धर्मी थिए।
१४यदि मानिसहरूले व्यवस्था पछ्याएर परमेश्वरको वचन
पाउने भए, तब विश्वास मूल्यहीन बन्ने छ, र परमेश्वरको
अब्राहाम संगको प्रतिज्ञा निकम्मा बन्ने छ। १५किन?
किनभने जब मानिसहरूले व्यवस्था पालन गर्दैनन् तब
व्यवस्थाले परमेश्वरलाई रिस उठाउँछ। तर यदि त्यहाँ
कुनै व्यवस्था छैन भने, त्यहाँ अनाज्ञाकारीताको कुनै
प्रश्न आउदैन।

१६अत: परमेश्वरको विश्वास प्रतिज्ञाको फल हो।
त्यसैले परमेश्वरको प्रतिज्ञा सित्तैको उपहार जस्तै पाउन
सकिन्छ। अनि यदि प्रतिज्ञा सित्तैको उपहार भए,
अब्राहामका विश्वास हुने सबै मानिसहरूले त्यो वचन
पाउन सक्छन्। यो प्रतिज्ञा ती मानिसहरूका लागि मात्र
होइन जो मोशाको व्यवस्थाको अधीनमा छन्। प्रतिज्ञा
सबैको निम्ति हो जो अब्राहाम जस्तै विश्वासी थिए।
अब्राहाम हामी सबैका पिता हुन्। १७धर्मशास्त्रमा यस्तो
लेखिएको छ, "मैले तिमीलाई सबै जातिका पिता
बनाएँ।"* यो परमेश्वर समक्ष सत्य छ। अब्राहामले
परमेश्वरमा विश्वास गरे जसले मृतहरूलाई जीवन
दिनुहुन्छ र जुन कुराहरू अहिलेसम्म भएको छैन
त्यसको निर्णय दिनुहुन्छ।

१८अब्राहामको सन्तान हुनेछ भन्ने आशा थिएन। तर
अब्राहामले परमेश्वरमा विश्वास गरे र आशा जीवित
राखे। त्यही कारणले अब्राहाम धेरै जातिका पिता भए।
परमेश्वरले जस्तो उनलाई भन्नुभयो, "तिमीसँग धेरै
सन्तानहरू हुनेछन्।"* १९अब्राहाम प्राय: एकसय बर्ष
उमेर पुगिसकेका थिए, यसैले उनको शरीरले सन्तानहरू
हुने उमेर बितिसकेको थियो। साराबाट पनि कुनै
छोरा-छोरीहरू भएनन्। अब्राहामले यसको विषयमा सोंचेका
थिए। तर परमेश्वरप्रतिको उनको विश्वास कमजोर
भएन। २०परमेश्वरले प्रतिज्ञा गरेको कुरा गर्नुहुनेछ भन्ने
कुरामा अब्राहमले कहिल्यै शंका गरेनन्। अब्राहमले
आफ्नो विश्वास गुमाएनन्। बरू, उनको विश्वास अझ
दृढ़तर भयो अनि उनले परमेश्वरको प्रशंसा गरे।
२१आफूले दिनुभएको प्रतिज्ञा पूर्ण गर्नमा परमेश्वर समर्थ
हुनुहुन्छ भन्ने कुरामा अब्राहाम पूर्णरूपले निश्चिन्त
थिए। २२यसैले, "परमेश्वरले अब्राहामको विश्वासलाई
ग्रहण गर्नु भयो। त्यसले उनलाई धर्मी बनाउनु भयो।"*
२३ती शब्दहरू "परमेश्वरले उनको विश्वासलाई मानिलिए"
भने अब्राहामको लागि मात्र लेखिएको थिएन। २४ती
शब्दहरू हाम्रो निम्ति पनि थियो। परमेश्वरले हामीलाई
पनि ग्रहण गर्नुहुन्छ जसले उहाँमा विश्वास गर्दछ; जसले
हाम्रा प्रभु येशूलाई मृत्युबाट जगाउनु भयो। २५येशूलाई
हाम्रो पापहरूका निम्ति मर्नुको निम्ति दिइयो। अनि
हामीलाई धर्मी बनाउन उहाँ मृत्युबाट जीवनमा आउनु
भयो।

### परमेश्वरसंग शान्ति

५ हाम्रो विश्वासको कारणले गर्दा हामी परमेश्वरसँग
धर्मी बनेका छौं। यसर्थ हाम्रा प्रभु येशू ख्रीष्टको
माध्यम हामी परमेश्वरबाट शान्ति पाउँछौं। २ख्रीष्टको
माध्यम र हाम्रो विश्वासको कारण हामीले अनुग्रहमा
प्रवेश पाएका छौं जहाँ हामी अहिले खड़ा छौं अनि
परमेश्वरको महिमा पाउने आशामा हामी आनन्द
मनाइरहेछौं। ३त्यति मात्र होइन हामी आफ्ना दु:खहरूमा
पनि खुशी छौं। किन हामी आफ्ना दु:खहरूसँग पनि
खुशी छौं? किनभने हामी जान्दछौं कि ती दु:खहरूले
हामीलाई संयमी बनाउँदछ। ४अनि यही संयमले हामीलाई
प्रमाण गर्दछ कि हामी बलियो छौं। अनि यस्तो
प्रमाणहरूले हामीलाई आशा प्रदान गर्दछ। ५अनि यस
आशाले हामीलाई कहिल्यै निराशा बनाउँदैन। किनभने
परमेश्वरले आफ्नो प्रेमको बर्षाले हाम्रा हृदयहरू भरिपूर्ण

---

**"मैले … बनाएँ"** उत्पत्ति १७:५।

**"तिमीसँग … हुनेछन्"** उत्पत्ति १५:५।

**"परमेश्वरले … बनाउनु भयो"** उत्पत्ति १५:६।

पारिदिनु भयो। पवित्र आत्माद्वारा उहाँले हामीलाई आफ्नो
प्रेम दिनुभयो। त्यो पवित्र आत्मा परमेश्वरबाट हामीलाई
उपहार हो।

६जब हामी अझ कमजोर थियौं, ठिक त्यसै बेला
ख्रीष्ट हामी दुष्ट मानिसहरूको लागि मर्नु भयो। ७राम्रा
व्यक्तिहरूको निम्ति मर्ने साह्रै कठिनले कोही राजी
हुन्छन्। तर कोही भने अति असल मानिसको निम्ति
मर्न निश्चय गर्न सक्छन्। ८यद्यपि हामीहरू अझै पापी
जीवन जिउँदा-जिउँदै पनि ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो।
यस प्रकारले परमेश्वरले आफ्नो प्रेम हामीलाई देखाउनु
भयो।

९हामी ख्रीष्टको रगतद्वारा परमेश्वरसँग धर्मी बनियौं।
यसैले, नि:सन्देह हामी ख्रीष्टकै माध्यमबाट परमेश्वरको
क्रोधबाट जोगिने छौं। १०मेरो मतलब के हो भने जब
हामी परमेश्वरका शत्रु थियौं उहाँले आफ्नो पुत्रको
मृत्युद्वारा हामीलाई आफ्नो मित्र बनाउनु भयो। यसैले
जब हामी अहिले परमेश्वरका मित्र छौ, हामी निश्चय
छौं आफ्नो पुत्रको जीवनको माध्यमबाट उहाँले हामीलाई
रक्षा गर्नु हुनेछ। ११यस बाहेक, हामी हाम्रा प्रभु येशू
ख्रीष्टको माध्यमबाट परमेश्वरसँग खुशी छौं, येशूको
कारणले गर्दा अहिले हामी परमेश्वरका मित्र बनेका
छौं।

### आदम र ख्रीष्ट

१२पाप संसारमा एकजना मानिसको कारणले आएको
हो। अनि पापसँग मृत्यु पनि आयो। यसैले गर्दा सबै
मानिसहरू मर्नै पर्ने भयो, किनभने सबैले पाप गरेका
छन्। १३मोशाको व्यवस्थाअघि पनि संसारमा पाप
थियो। तर त्यहाँ व्यवस्था नभएको भए परमेश्वरले
मानिसलाई पापको दोषी ठहऱ्याउनु हुने थिएन। १४तर
आदमको समयदेखि मोशाको समयसम्म, सबै
मानिसहरूलाई मर्नु नै थियो। आदमले परमेश्वरको
आज्ञा पालन नगर्नाले मर्नु पऱ्यो। तर आदमले जस्तो
अन्य मानिसहरूले पाप नगरे तापनि तिनीहरूले मर्नु
पऱ्यो।

आदम ख्रीष्ट जस्तै थिए जो भविष्यमा संसारमा
आइरहेका थिए। १५तर परमेश्वरको नि:शुल्क उपहार
आदमको पाप जस्तो होइन। धेरै जना त्यस एकजना
मानिसको पापको कारणले गर्दा मरे। तर परमेश्वरको
अनुग्रह अत्यन्त महान थियो। धेरै मानिसहरूले परमेश्वरबाट
जीवन-दान पाए त्यो एउटै मानिस येशू ख्रीष्टको अनुग्रहद्वारा
पाएको हो। १६जब आदमले पाप गरे, उनी पापी भनेर
न्याय गरिए। तर परमेश्वरको उपहार भिन्नै छ। परमेश्वरको
मुल्यरहित उपहार धेरै पापहरू भए पश्चात आएको हो।
अनि त्यो उपहारले मानिसहरूलाई धर्मी तुल्याउँदछ।
१७एकजना मानिसको पापले गर्दा मृत्युले सबैमाथि राज
गऱ्यो। अत: जसले परमेश्वरको पूर्ण अनुग्रह र उहाँको
धार्मिकताको महान उपहार स्वीकार गर्छन् तिनीहरूले
सत्य जीवन पाउँछन् र एक मात्र येशू ख्रीष्टद्वारा शासित
हुन्छन्।।

१८यसैले एउटा मानिसको पापले सबै मानिसहरूमाथि
मृत्युको दण्ड ल्यायो। तर त्यस्तै प्रकारले, ख्रीष्टले एउटा
असल काम गर्नुभयो जुन कामले सबै मानिसहरूलाई
धार्मिक बनाउँदछ र अनन्त जीवन ल्याउदछ। १९एकजना
मानिसको अनाज्ञाकारिताले धेरै मानिसहरू पापी भए। तर
त्यस्तै प्रकारले एकजना मानिसको आज्ञा माने धेरै
मानिसहरू धार्मिक बनाइन्छन्। २०पाप बढ्ला कि भनेर
व्यवस्था बनियो। तर जति पाप बढ्दै गयो परमेश्वरको
अनुग्रह अझै धेरै बढ्दै गयो। २१जसरी मृत्युले पापद्वारा
शासन गऱ्यो उसरी नै परमेश्वरको अनुग्रहले मानिसलाई
धार्मिक बनाउन शासन गर्नेछ। यसले हाम्रा प्रभु येशू
ख्रीष्टद्वारा अनन्त जीवन ल्याउने छ।

### पापलाई मृत्यु तर ख्रीष्टमा जीवन

६ हामीले के भन्ने? परमेश्वरको धेरै भन्दा धेरै अनुग्रह
प्राप्त गर्नलाई हामीले अझै धेरै पाप गरिरहनु पर्ने?
२होइन! हामी हाम्रा पापले मऱ्यौं। अत: हामी कसरी
लगातार पापमा बसिरहनु? ३के तिमीहरूले भुल्यौ, जब
हामी बप्तिस्मा भयौं तबदेखि नै हामी येशू ख्रीष्टका
एक अंश बन्यौं? हामीले बप्तिस्मा लियौं, हामी उहाँको
मृत्युमा भागीदार बन्यौं। ४यसै कारण जब हामी बप्तिस्मा
भयौ, हामी ख्रीष्ट सँगै गाडियौं र उहाँको मृत्युमा
भागीदार बन्यौं। हामी ख्रीष्टसँगै दफन भयौं ताकि हामी
जगाइन सकौं अनि नयाँ जीवन बाँच्न सकौं। यस्तै
प्रकारले, पिताको अचम्मको शक्तिले ख्रीष्ट मृत्युबाट
जीवित हुनुभयो।

५ख्रीष्ट मर्नु भयो, र हामी पनि उहाँको मृत्युकै
अनुरूपमा उहाँसित मिल्यौं। अत: हामी उहाँको बौराइको
अनुरूपमा पनि ख्रीष्टसितै मिल्ने छौं। ६हामी जान्दछौ
हाम्रो पुरानो जीवन ख्रीष्ट सँगै क्रूसमा मऱ्यो। यो त्यस्तै

भयो जसमा कि हाम्रो पापपूर्ण स्वभावले हामीमाथि
नियंत्रण गर्ने थिएन र अब हामी आफै पापको दास हुने
थिएनौ। [७]जो मर्दछ उ पापको नियंत्रणबाट मुक्त हुँदछ।
[८]यदि हामी ख्रीष्टसँगै मरेका छौं भने, हामी जान्दछौ
कि हामी पनि उहाँसँगै बाँच्ने छौं। [९]ख्रीष्ट मृत्युबाट
जाग्नु भयो। अनि हामी जान्दछौ कि उहाँ कहिल्यै फेरि
मर्नुहुने छैन। उहाँमाथि मृत्युको कुनै प्रभाव छैन। [१०]हो,
जब ख्रीष्ट मर्नुभयो, उहाँ पापको शक्तिलाई जित्न
एकैपल्ट मर्नुभयो। अब उहाँसँग नयाँ जीवन छ अनि
त्यो नयाँ जीवन परमेश्वरसँग छ। [११]त्यस्तै प्रकारले
तिमीहरूले पनि पापको कारणले मरेको संझ। अनि
ख्रीष्ट येशूमा परमेश्वरको निम्ति जीवित भएको ठान।
[१२]अत: पापलाई तिमीहरूको पार्थिव जीवन नियंत्रण
गर्न नदेऊ। तिम्रा पापपूर्ण स्वभावलाई तिमीमा राज गर्नु
दिनु हुदैन जसले तिमीलाई उसले गर्न चाहे जस्तो गर्न
लगाउँछ। [१३]तिम्रा शरीरका अंगहरू पापकर्म र दुष्टकर्महरू
गर्नलाई अर्पण नगर। तर स्वयंलाई परमेश्वरप्रति समर्पित
गर। मरेका र अहिले जीवित भएका मानिस जस्ता
होऊ। राम्रो कामको लागि तिम्रा शरीरका अंग परमेश्वरको
सेवामा अर्पण गर। [१४]पाप तिम्रो स्वामी हुनेछैन। किन?
किनभने तिमी व्यवस्थाको अधीनमा छैनौ। तिमीहरू अब
परमेश्वरको अनुग्रहमा छौ।

## धार्मिकताको कमारो

[१५]तब हामी के गर्नु पर्ने? हामी व्यवस्थाको अधीनमा
छैनौं तर प्रभुको अनुग्रहमा छौं भनेर पाप गर्नु पर्ने?
होइन! [१६]नि:सन्देह तिमीहरू जान्दछौ कि जब तिमीहरूले
आफैलाई कसैको आज्ञापालन गर्ने दास बनाउँछौ, तब
तिमीहरू त्यही व्यक्तिको दास हौ। जुन व्यक्तिको आज्ञा
तिमी पालन गर्छौ त्यही तिम्रो स्वामी हुनेछ। तिमीहरू
पापको पछि लाग कि परमेश्वरको आज्ञा पालन गर;
पापले आत्मिक मृत्यु ल्याउँदछ। तर परमेश्वरको आज्ञा
पालन गर्‍यौ भने तिमीहरू धार्मिक बनाइने छौ। [१७]विगतमा
तिमीहरू पापको दास थियौ। पापले तिमीहरूलाई अधीनमा
राखेको थियो। तर परमेश्वरलाई धन्यवाद छ, तिमीहरूले
ती आदेश हृदयले पालन गर्‍यौ जुन तिमीहरूलाई
दिइयो। [१८]तिमीहरू पापदेखि मुक्त भयौ। अनि अब
तिमीहरू धार्मिकताका दास भयौ। [१९]म यसको व्याख्या
उदाहरण दिएर गरिरहेछु जुन तिमीहरू जान्दछौ। मैले
यस्तो उदाहरण दिएर व्याख्या गरिरहेछु किनभने तिमीहरूलाई
बुझ्न गाह्रो हुन्छ। विगतमा, तिमीहरूले पापको निम्ति
आफ्ना शरीरका अंगहरू अर्पण गर्‍यौ र पापकै दास
भयौ। तिमीहरू दुष्ट कुराहरूको लागि मात्र बाँच्यौ।
त्यस्तै प्रकारले, तिमीहरूले धार्मिकताको लागि शरीरको
अंगहरू समर्पण गर। त्यसपछि मात्र तिमीहरू परमेश्वरको
निम्ति बाँच्ने छौ।
[२०]विगतमा तिमीहरू पापप्रति दासहरू थियौ अनि
धार्मिकताले तिमीहरूलाई नियन्त्रण गरेन। [२१]तिमीहरू
दुष्ट कर्महरू गर्दै बाँच्यौ। ती कुराहरूका लागि अहिले
तिमीहरू लज्जित छौ। के ती कुराहरूले तिमीहरूलाई
साथ दियो? अहँ! ती कुराहरूले आत्मिक मृत्यु ल्याउँछ।
[२२]तर अब तिमीहरू पापबाट मुक्त छौ। अब तिमीहरू
परमेश्वरका दास हौ। अनि यसले तिमीहरूलाई यस्तो
जीवन ल्याउँदछ जुन परमेश्वरको निम्ति मात्र हुन्छ।
अनि त्यहाँबाट तिमीहरूले अनन्त जीवन प्राप्त गर्ने छौ।
[२३]जब मानिसहरूले पाप गर्दछन्, तिनीहरूले पापको
ज्याला कमाउँदछन् जो चाँहि मृत्यु हो। तर परमेश्वरले
आफ्ना मानिसहरूलाई मूल्य रहित उपहार दिनु हुन्छ जुन
हाम्रा ख्रीष्ट येशू प्रभुमा अनन्त जीवन हो।

## विवाहबाट एउटा उदाहरण

७ दाजु-भाइ, दिदी-बहिनीहरू तिमीहरू सबैले मोशाको
व्यवस्था बुझ्दछौ। अत: नि:सन्देह, तिमीहरू जान्द
छौ कि व्यवस्थाले कुनै पनि व्यक्तिलाई उ बाँचुञ्जेल
मात्र आफ्नो अधीनमा राख्दछ। [२]म तिमीहरूलाई एउटा
उदाहरण दिदँछु: एकजना स्वास्नीमान्छे आफ्नो लोग्ने
बाँचुञ्जेलसम्म उसँगै बस्नु पर्दछ। तर यदि उसको लोग्ने
मर्‍यो भने उ विवाहको निम्ति विवाह विधानबाट मुक्त
हुन्छे। [३]तर यदि त्यस स्वास्नी मान्छेले आफ्नो लोग्ने
छँदाछँदै अर्को पर-पुरुषसँग विवाह गरी भने त्यसलाई
व्यभिचारिणी भनिनेछ। तर यदि उसको लोग्ने चाँहि
मर्‍यो भने उ विवाहको विधानबाट मुक्त बन्छे अनि यदि
आफ्नो लोग्ने मरेपछि उसले अर्को पुरुषसँग विवाह गरी
भने, उनलाई व्यभिचारिणीको दोष लाग्दैन।
[४]त्यस्तै प्रकारले, मेरा दाजु-भाइ, दिदी-बहिनीहरू,
तिम्रा पुराना स्वभावहरू मरिसकेका छन् र तिमीहरू पनि
ख्रीष्टका शरीरद्वारा व्यवस्थाबाट मुक्त बन्यौ। अब तिमीहरू
कसैको भयौ। तिमीहरू ख्रीष्टको भयौ जो मृत्युबाट
जगाइनु भयो। हामी ख्रीष्टका छौं, र जसमा कि हामी
परमेश्वरको सेवामा हुनसक्छौं। [५]विगतमा हामी हाम्रा

पापपूर्ण स्वभावले शासित थियौं। व्यवस्थाले हामीमा
पापपूर्ण कार्यहरू गर्ने इच्छा जगायो जसले हाम्रो शरीर
अधीनमा राख्यो। अत: जुन कुराहरू हामीले गरयौ
त्यसले हाम्रो आत्मिक मृत्यु भयो। [६]विगतमा, व्यवस्थाले
हामीलाई कैदी बनायो। तर हाम्रा पुराना स्वभावहरू मरेर
गए अनि हामी व्यवस्थावाट मुक्त गरियौं। यसैले अब
हामी परमेश्वरलाई आत्माको नयाँ ढङ्गले सेवा गर्दछौं,
नियमहरूमा लेखिएको पुरानो ढङ्गले होइन। अब, हामी
परमेश्वरलाई आत्माद्वारा नयाँ ढङ्गले पुज्दछौं।

### पापको विरुद्ध हाम्रो लड़ाई

[७]हामीले के भन्नु पर्ने हो? के व्यवस्था पापको
समान हो? होइन, तर व्यवस्था त एक मात्र त्यस्तोबाटो
हो जहाँबाट मैले पाप भनेको के हो बुझ्न सकें। यदि
व्यवस्थाले पाप भनेको के हो भन्ने नवताएको भए मैले
कहिल्यै बुझ्न सक्ने थिइँन। तर व्यवस्थाले भन्यो,
"अरूसँग भएको कुराहरूको चाहना तिमीले गर्नु हुँदैन।"*
[८]तर पापले त्यस आज्ञाबाट अवसर पायो र ममा धेरै
प्रकारको इच्छा जागृत गरायो किन कि पाप व्यवस्था
बिनै मृत बन्यो। [९]एक समय म व्यवस्था बिना नै
जीवित थिएँ। तर जब आज्ञा आयो, पापले जीवन पायो।
[१०]अत: पापको कारणले गर्दा म आत्मिक रूपले मरें।
आज्ञाको अर्थ थियो जीवन ल्याउनु तर मेरो लागि
त्यसले मृत्यु ल्यायो। [११]आज्ञा प्रयोग गरेर पापले मलाई
मूर्ख बनाउने ठाउँ पायो। ममा आज्ञा प्रयोग गरेर पापले
मलाई आत्मिक रूपले मार्‍यो।
[१२]तब त्यसैले व्यवस्था नै पवित्र हो, अनि आज्ञा
पनि पवित्र, धार्मिक र राम्रो हो। [१३]ममा मृत्यु ल्याउने
कुरो राम्रो भनेको हो? होइन! तर पापले त्यो राम्रो भन्ने
कुरो प्रयोग गरेर ममा मृत्यु ल्यायो। त्यसो भएकोले गर्दा
खासमा पाप भनेको के हो त्यो बुझ्न सकें। त्यसैले पाप
भन्ने कुरो खुबै नराम्रो हो भन्ने देखाइयो। अनि आज्ञा
यही देखाउनलाई प्रयोग गरियो।

### मानसिक द्वन्द्व

[१४]हामी जान्दछौ कि व्यवस्था आत्मिक हो। तर म
आत्मिक छैन। पापले ममाथि शासन गर्छ मानौं म
त्यसको दास हुँ। [१५]म केही जान्दिँन म के गरिरहेछु।
किनकि म केही जान्दिँन म के गर्न चाहन्छु। यसको
सट्टामा म त्यही गर्छु जुन कुरो गर्न घृणा गर्छु। [१६]यदि
मैले नचाहेको काम गरें भने म व्यवस्था राम्रो छ भनेर
मान्छु। [१७]तर म एकमात्र होइन जसले यस्तो खराव
काम गरिरहेछु। पाप जुन म भित्र बसेको छ, त्यसैले
यस्तो कामहरू गर्दैछ। [१८]हो, म जान्दछु कि राम्रो भन्ने
केही कुरो ममा छैन, मतलब मेरो अनात्मिक मानव
स्वभावमा म असल कुरा गर्न चाहन्छु तर गर्न असमर्थ
छु। [१९]आफूले चाहेको असल कुरा पनि म गर्दिनँ।
त्यसको बद्ली, गर्न नचाहेको नराम्रो कुरा चाहिँ म गर्छु।
[२०]यदि आफूले नचाहेको कुरो म गर्छु भने ती कुराहरू
गर्ने म होइन। मभित्र रहेको पापले नै ती सब गर्दछ।
[२१]त्यसैले मैले आफैमा एउटा विधान भेटे: जव म
असल गर्न चाहन्छु मभित्र संधैं दुष्ट रहन्छ। [२२]भित्रीरूपले
म परमेश्वरको व्यवस्थासंग खुशी छु। [२३]तर म मेरो
शरीरमा अर्कै व्यवस्थाले काम गरिरहेको पाउँछु। त्यो
विधान मभित्रको विधानसित झगड़ा गरिरहेछ। त्यो अर्को
विधान पापको विधान हो अनि त्यसले मलाई कैदी
बनाउँछ। [२४]म कति दयनीय छु! मलाई मृत्यु ल्याउने
यस कुराबाट मलाई कसले बचाउँछ? [२५]परमेश्वरले
मलाई बचाउनु हुनेछ! म उहाँलाई हाम्रो प्रभु येशू
ख्रीष्टको माध्यमबाट धन्यवाद चड़ाउँदछु! अत: अब म
मानसिक रूपले परमेश्वरको व्यवस्थाको दास हुँ। तर
मेरो पापपूर्ण स्वभावमा म पापको विधानको दास छु।

### आत्मामा जीवन

८ यसैले, अब जो-जो ख्रीष्ट येशूका साथ छन्
उनीहरूलाई दोषी ठहराइने छैन। [२]किन म दोषी
भनेर मानिन्नँ? किनभने ख्रीष्ट येशूमा, जीवनदाता आत्माको
विधान मृत्यु र पापको विधानबाट मलाई मुक्त गर्‍यो।
[३]व्यवस्था शक्तिहीन थियो किनभने त्यो व्यवस्था हाम्रा
पापपूर्ण स्वभावहरूले कमजोर बनायो। तर व्यवस्थाले
गर्न नसकेको काम परमेश्वरले गर्नु भयो। परमेश्वरले
आफ्नो पुत्र मनुष्य चोला दिएर यस पृथ्वीमा पठाउनु
भयो जुन चोला पाएर मानिसहरूले पापपूर्ण कामहरू
गर्छन्। परमेश्वरले आफ्ना पुत्रलाई पापको निम्ति बलिको
रूपमा पठाउनु भयो अनि उहाँले पापको भर्त्सना गर्न
मनुष्य चोला प्रयोग गर्नु भयो। [४]परमेश्वरले त्यसो
गर्नुभयो ताकि तोकिएको व्यवस्था हामीमा परिपूर्ण होस्,

---

**"अरूसँग … हुँदैन"** प्रस्थान २०:१७, व्यवस्था ५:२१।

जो आफ्नो पापपूर्ण प्रकृति अनुसार बाँच्दैनौं तर आत्मा
अनुसार बाँच्छौं।

[५]जो पापपूर्ण स्वभाव लिएर बाँचिरहेका छन् तिनले
आफ्ना पापपूर्ण स्वभाव अनुसारै सोंच्दछन्। जो आत्मा
अनुसार जिउँदछन् उनीहरू आत्माको इच्छा अनुसारै
बाँच्दछन्। [६]यदि कुनै व्यक्तिको मन पापपूर्ण स्वभावले
नियंत्रित छ भने उसको आत्मिक मृत्यु हुँदछ। यदि कुनै
व्यक्तिको मन आत्माले नियंत्रित छ भने उसलाई जीवन
र शान्ति हुनेछ। [७]यो किन सत्य हो? किनभने, जब कुनै
मानिसको विचार पापपूर्ण स्वभावको अधीनमा हुन्छ तब
उ परमेश्वरको विरुद्धमा हुँदछ। त्यस व्यक्तिले परमेश्वरको
व्यवस्था मान्दैन अनि वास्तवमा त्यो व्यक्ति परमेश्वरको
व्यवस्था पालन गर्न असमर्थ हुँदैन। [८]ती मानिसहरू जो
पापपूर्ण स्वभावको अधीनमा छन् भने परमेश्वरलाई
कहिल्यै खुशी पार्न सक्तैन।

[९]तिम्रोलागि, यदि परमेश्वरको आत्मा तिमीमा बस्छ।
तिमी आफ्ना पापपूर्ण स्वभावबाट नियंत्रित छैनौ, तर
आत्माबाट छौ। तर यदि कसैमा ख्रीष्टको आत्मा छैन
भने उ ख्रीष्टसित हुँदैन। [१०]किनभने तिमीहरूको शरीर
पापले गर्दा मरेको छ। तर यदि तिमीमा ख्रीष्ट हुनुहुन्छ
भने, तब आत्माले जीवन दिँदछ जस्तो ख्रीष्टले तिमीहरूलाई
परमेश्वर सित धर्मी तुल्याए। [११]परमेश्वरले येशूलाई
मृत्युबाट व्युँताउनु भयो। अनि यदि तिमीहरूमा उहाँको
आत्माले वास गर्छ भने, उहाँले तिमीहरूका शरीरलाई
पनि जीवन-दान दिनुहुनेछ, जुन मरणशील छ। उहाँले
तिम्रो शरीरमा आत्माद्वारा जीवन-दान दिनु हुनेछ जुन
आत्मा तिमीहरूमा बस्छ।

[१२]अत: मेरा दाजु-भाइ, दिदी-बहिनीहरू, हामी आफ्ना
पापपूर्ण स्वभावद्वारा नियंत्रित हुनुहुँदैन। हामीले पापपूर्ण
स्वभावले डोऱ्याएको बाटामा लाग्नुहुँदैन। [१३]यदि तिमीहरू
आफ्ना पापपूर्ण स्वभावको चाहनाको पछि लाग्छौ भने
तिमीहरू आत्मिक रूपले मर्ने छौ। तर यदि तिमीहरू
कुकर्म गर्नदेखि आफूलाई रोक्न आत्माका शक्ति प्रयोग
गर्छौ भने तिमीले सत्य-जीवन पाउने छौ।

[१४]परमेश्वरका साँचो छोरा-छोरीहरू भनेका ती नै
हुन् जो परमेश्वरकै आत्माद्वारा डोऱ्याइएका हुन्छन्।
[१५]जुन आत्मा तिमीले पाएका छौ त्यो तिमीलाई फेरि
दास बनाउने र डर देखाउने आत्मा होइन। हामीले
पाएको आत्माले हामीलाई परमेश्वरका छोरा-छोरी बनाउँछ
अनि त्यही आत्मासँगै हामी भन्छौ, "पिता, प्रिय पिता।"
[१६]अनि त्यो आत्मा आफैले हाम्रो आत्मालाई साक्षी
दिन्छ, कि हामी परमेश्वरको नानीहरू हौं। [१७]यदि हामी
परमेश्वरका सन्तान हौं भने हामीले आशीर्वाद पाउने छौं
जुन परमेश्वरसित आफ्ना मानिसहरूका लागि छ।
हामीले ती आशिर्वाद परमेश्वरबाट ख्रीष्टसितै पाउने छौं।
तर हामीले ख्रीष्टले जस्तै दु:ख-पीडा खप्नु पर्छ त्यसपछि
मात्र हामीले पनि ख्रीष्टले जस्तै गौरव प्राप्त गर्ने छौ।

### हामीले भविष्यमा महिमा पाउने छौ

[१८]अहिले घरी हामी कष्टमा छौं। तर जुन कष्ट
अहिले हाम्रो छ त्यो भविष्यमा हामीलाई दिइने महिमासँग
तुलना गर्दा त्यो केही होइन। [१९]परमेश्वरले बनाउनु
भएको प्रत्येक वस्तुले ठूलो उत्सुकताको साथ त्यस
समयलाई पर्खिरहेको छ जब परमेश्वरले उहाँका छोराहरू
को हुन् भनेर देखाउनु हुनेछ। त्यो विशेष समय हेर्न
सारा संसारको उत्कट अभिलाषा छ। [२०]प्रत्येक वस्तु
जुन परमेश्वरले बनाउनु भयो त्यो मूल्यहीन भएर गयो।
त्यसले परिवर्तन गर्न चाहेन, तर परमेश्वरकै इच्छा
अनुसार यस्तो भयो। तथापि त्यहाँ यस्तो आशा थियो:
[२१]परमेश्वरले बनाउनु भएको हरेक कुरा नाशहुनबाट
मुक्त बनाइने छ र परमेश्वरका छोरा-छोरीहरूले महिमा
र स्वतन्त्रता प्राप्त गर्ने छन्।

[२२]हामी जान्दछौ कि सिर्जेका सारा संसारले प्रसव-
वेदनाले तड़पिरहेकी एउटी स्वास्नी-मानिसले झैं आजसम्म
उत्सुकता पूर्वक पर्खिरहेकै छ। [२३]यो संसारले मात्र
होइन, हामीले पनि आन्तरिक पीड़ा बोकेर पर्खिरहेका
छौं। हामीमा परमेश्वरको प्रतिज्ञाको प्रथम अंश सरह
आत्मा छ। यसैले हामीलाई उहाँले आफ्ना सन्तान
कहिले बनाउनु हुने हो भनेर उत्सुकता पूर्वक पर्खिरहेका
छौं। मेरो भन्नुको तात्पर्य, हामीलाई उहाँले आफ्ना
शरीरहरूबाट कहिले मुक्ति दिनुहुनेछ भनेर पर्खिरहेका
छौं। [२४]हामीहरू बचाइयौं र हामीमा यो आशा छ। यदि
हामीले पर्खिरहेका कुरा देख्न सके, त्यो साँचिकै आशा
हुने छैन। मानिसहरूले त्यस कुराको आशा गर्दैनन् जुन
तिनीहरूले पहिल्यै पाइसकेका हुँदछन्। [२५]तर हामी
केही चीजको आशा गरिरहेछौं जुन हामीले अहिलेसम्म
पाएका छैनौं। हामीले ठूलो धैर्यसित त्यो पर्खिरहेका छौं।

[२६]आत्माले नै हामीलाई हाम्रो कमजोरतामा सहायता
गर्छ। हामीले कसरी प्रार्थना गर्नु पर्ने हो त्यो जान्दैनौं।
तर आत्माले गंभीर भावले परमेश्वरसँग हाम्रो पक्षमा

याचना गरिदिने छ जुन शब्दहरूमा वर्णन गर्न सकिंदैन। [२७]परमेश्वरले हाम्रो हृदयमा के छ देख्न सक्नु हुन्छ। अनि उहाँले आत्माको मनमा के छ बुझ्नुहुन्छ किनभने आत्मा आफ्ना मानिसहरूका लागि परमेश्वरसँग उहाँकै इच्छाले बोल्नुहुन्छ।

[२८]हामी जान्दछौं कि परमेश्वरले प्रत्येक कुरामा तिनीहरूको भलाइको लागि गर्नुहुन्छ जसले उहाँलाई प्रेम गर्दछ। ती मानिसहरू हुन् जसलाई परमेश्वरले बोलाउनुभयो किनभने त्यो उहाँकै योजना थियो। [२९]यो संसार बनाउन भन्दा अघि देखि नै परमेश्वरले ती मानिसहरूलाई जान्नु हुन्थ्यो। अनि परमेश्वरले तिनीहरू आफ्नै पुत्र जस्तै होउन् भन्ने निर्णय गर्नुभयो। त्यसै कारण येशू धेरै दाजु-भाइहरू र दिदी-बहिनीहरूमा जेठो हुनुभयो। [३०]परमेश्वरले ती मानिसहरू आफ्नै पुत्र जस्तै होइन् भन्ने योजना गर्नुभयो। अनि परमेश्वरद्वारा बोलाएका तिनीहरूलाई पनि धर्मी बनाइयो। अनि परमेश्वरद्वारा धर्मी बनाइएका तिनीहरूलाई उहाँले महिमा पनि दिनुभयो।

## येशू ख्रीष्टमा परमेश्वरको प्रेम

[३१]अत: यस विषयमा हामीले के भन्ने? यदि परमेश्वर हाम्रा निम्ति हुनुहुन्छ भने, हामीलाई कसले पराजय गर्न सक्छ? [३२]परमेश्वरले हाम्रो निम्ति जे पनि गर्नुहुनेछ। परमेश्वरले उहाँका आफ्नै पुत्रलाई कष्ट भोग्नुबाट जोगाउनु मात्र भएन तर हाम्रा निम्ति बलि दिनुभयो। तब के परमेश्वरले हामीलाई येशूका साथै हरेक उपहार दिनुहुन्न र? [३३]परमेश्वरले चुन्नुभएका मानिसहरूलाई कसले दोष लगाउन सक्छ? कसैले सक्तैन! परमेश्वर मात्र एक हुनुहुन्छ जसले आफ्ना मानिसहरूलाई धर्मी बनाउनुहुन्छ। [३४]परमेश्वरका मानिसहरूलाई कसले भर्त्सना गर्न सक्छ? कसैले सक्तैन! ख्रीष्ट येशू हाम्रा निम्ति मर्नुभयो, तर त्यति मात्र होइन, उहाँ मृत्युबाट जीवित पनि हुनुभयो। अनि उहाँ परमेश्वरको दाहिनेपट्टि हुनुहुन्छ र हाम्रा निम्ति परमेश्वरलाई विन्ती गरिरहनु भएको छ। [३५]ख्रीष्टको प्रेमबाट हामीलाई अलग गर्न सक्ने कुनै थोक छ? छैन। के दु:खले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्नसक्छ? सक्दैन! के कठिनाइँ वा सतावटले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्नसक्छ? सक्दैन। के अनिकाल वा नांगोपनाले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्नसक्छ? अहँ। के कुनै आपद वा मृत्युले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्न सक्छ? अहँ सक्दैन। [३६]धर्मशास्त्रले भन्छ:

> "तिमीहरूका निमित्त हामीहरू दिनभरि नैं मृत्युको
> मुखमा छौं मानिसहरू सोंच्दछन् हामी मारिने
> भेंडा जस्ता छौं।"
>
> *भजनसंग्रह ४४:२२*

[३७]तर परमेश्वरको प्रेमको कारणले हामी ती सबै कुराहरूमा पूर्ण विजयी बन्छौं। [३८-३९]हो, म निश्चिन्त छु कि केहीले पनि हामीलाई परमेश्वरको प्रेमबाट अलग पार्न सक्तैन न मृत्यु वा जीवनले, न स्वर्गदूतहरू वा शासन गर्ने आत्माहरूले, न त कुनै वर्तमानका वा भविष्यका कुराले, न त कुनै माथिका वा तलका शक्तिले, न त सारा संसारको कुनै अरू सिर्जित कुराले हाम्रो परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछ जो हाम्रा प्रभु ख्रीष्ट येशूमा छ।

## परमेश्वर र यहूदी मानिसहरू

९ म ख्रीष्टमा छु र सत्य कुरा बोलिरहेछु। म झूट बोल्दिनँ। मेरो अन्तरात्मा पवित्र-आत्माद्वारा नियंत्रित छ। अनि यो अन्तरात्माले निश्चित गर्छ कि म झूटो होइनँ: [२]मलाई ठूलो अफसोस छ र मेरो हृदयमा अटूट वेदना छ यहूदी जातीको निम्ति। [३]तिनीहरू मेरा दाजु-भाइ दिदी-बहिनीहरू हुन्, पृथ्वीमा मेरा सन्तानहरू हुन्। यदि यसले तिनीहरूलाई सहायता गर्न सक्थे भने म ख्रीष्टबाट श्राप पाउन र उहाँसित छुट्टिन पनि इच्छा गर्थें। [४]तिनीहरू इस्राएलका मानिसहरू हुन्। जसलाई परमेश्वरले आफ्ना सन्तान बनाउन चुन्नु भएको छ। तिनीहरूसँग परमेश्वरको महिमा र उहाँ अनि उहाँका मानिसहरू माझको करार छ। परमेश्वरले उनीहरूलाई आराधना र संकल्प गर्ने तरिका भएको मोशाको व्यवस्था दिनुभयो। [५]ती मानिसहरू हाम्रा पुर्खाहरूका सन्तानहरू हुन्। अनि तिनीहरू ख्रीष्टका पार्थिव परिवार हुन्। ख्रीष्ट सबै प्राणीहरूमाथिका परमेश्वर हुनुहुन्छ। सदा उहाँको प्रशंसा गर! आमिन।

[६]हो, म यहूदीहरूका लागि दु:ख अनुभव गर्छु। म भन्दिनँ कि परमेश्वर उनीहरूका लागि आफ्नो प्रतिज्ञा राख्नमा चुक्नुभयो। तर इस्राएलका कतिपय मानिसहरू मात्र परमेश्वरका साँचो मानिस छन्। [७]अनि अब्राहामका

सन्तानहरू मध्ये थोरै मात्र अब्राहामको साँचो सन्तान थिए। यही कारण परमेश्वरले अब्राहामलाई भन्नुभयो: “इसहाक मात्र खालि कानूनी छोरो हुनेछ।”* ८यसले बताउँछ अब्राहामका सबै सन्तानहरू परमेश्वरका खास छोराछोरीहरू होइनन्। परमेश्वरले अब्राहामलाई प्रतिज्ञाको आधारमा अब्राहामका खास छोराछोरीहरू ती हुन् जो परमेश्वरका छोराछोरीहरू भए। ९परमेश्वरले अब्राहामलाई यो प्रतिज्ञा दिनुभएको थियो: “निश्चित समयमा म फर्कने छु अनि साराले एउटा छोरो पाउनेछिन्।”*

१०अनि यति मात्र होइन। रिबेक्काको पनि छोराहरू थिए। अनि ती छोराहरूका एउटै पिता थिए। उनी हाम्रा पिता पूर्खा इसहाक थिए। ११-१२तर दुइजना छोराहरू जन्मनु भन्दा अगाडि परमेश्वरले रिबेक्कालाई भन्नुभयो, “ठूलो छोराले सानालाई स्याहार्ने छ।”* केटाहरू जन्मनु भन्दा र तिनीहरूले राम्रो वा नराम्रो कुनै काम गर्न भन्दा आगाडि भएको थियो। आफूले चुनेको केटो आफ्नो योजनाकै आधारमा होस् भन्नालाई परमेश्वरले यसो भन्नुभएको थियो। परमेश्वरकै चाहनाले उनी चुनिएका थिए तर ती केटाहरूले केही गरेको कारणले होइन। त्यो परमेवरको इच्छा थियो। १३जस्तो धर्मशास्त्रमा भनिएको छ, “मैले याकूबलाई प्रेम गरें तर एसावलाई घृणा गरें।”*

१४अत: यस विषयमा हामीले के भन्नपर्छ? के परमेश्वरमा कुनै अन्याय छ? निश्चय छैन। १५परमेश्वरले मोशालाई भन्नुभयो, “जसलाई म कृपा दर्शाउनु चाहन्छु उसैलाई दर्शाउँछु। अनि जसलाई सहानुभूति दर्शाउनु चाहान्छु उसलाई सहानुभूति दर्शाउछु।”* १६यसैले हरेक कुरो परमेश्वरको कृपामा निर्भर छ, अनि मानिसको इच्छामा वा प्रयासमा निर्भर छैन। १७धर्मशास्त्रमा परमेश्वरले फिरऊनलाई भन्नुभयो, “मैले तिमीलाई राजा बनाएँ ताकि मेरो निम्ति तिमीले केही गर्न सकौला। म मेरो शक्ति तिम्रो माध्यमद्वारा प्रदर्शन गर्न चाहन्थे। म चाहन्थे मेरो नाउँ संसारभरि घोषित होस्।”* १८यसैले, परमेश्वरले जसलाई चाहनु हुन्छ उसैमाथि कृपा दर्शाउनुहुन्छ। अनि परमेश्वरले जसलाई हठी बनाउन चाहनुहुन्छ उसलाई हठी बनाउनु हुन्छ।

**“इसहाक … हुनेछ”** उत्पत्ति २१:१२।

**“निश्चित … पाउनेछिन्”** उत्पत्ति १८:१०,१४।

**“ठूलो … छ”** उत्पत्ति २५:२३।

**“मैले … गरें”** मलाकी १:२-३।

**“अनि … दर्शाउँछु”** प्रस्थान ३३:१९।

**“मैले … होस्”** प्रस्थान ९:१६।

१९अत: तिमीहरूमध्ये कसैले पनि प्रश्न गर्नसक्छौ: “यदि परमेश्वरले हामीले गरेका सबै कुराहरूमा नियंत्रण गर्नुहुन्छ भने परमेश्वरले हाम्रो पापहरूको निम्ति हामीलाई किन दोष दिनुहुन्छ?” २०हे मानिस, तिमी आफूलाई को हुँ भन्ने सम्भन्छौ? परमेश्वरलाई प्रश्न गर्ने तिमी को हौ? के एउटा माटाको हाँडीले कुमालेलाई “मलाई किन यस्तो बनायौ” भनेर सोध्छ? २१कुमालेको अधिकार छ एउटै माटोबाट उसले विशेष प्रयोगमा आउने एक किसिमको भाँडो बनाउँछ भने सामान्य प्रयोगमा आउने अर्को किसिमको भाँडो पनि बनाउँछ। यो के ठीक होइन?

२२यस्तै प्रकारले परमेश्वरले पनि काम गरे। परमेश्वरले आफ्नो क्रोध मानिसहरूमा प्रकट गर्न चाहनुभयो, जसमा कि उनीहरूले उहाँको शक्ति देखून्। तर परमेश्वरले ठूलो धैर्यसित ती मानिसहरूलाई सहनुभयो जो विनाश हुनैआँटिका थिए। २३परमेश्वरले धैर्यतापूर्वक पर्खनुभयो जसमा कि उहाँका कृपा पाउनेहरूलाई उहाँले आफ्नो सम्पन्न महिमा देखाउन सकून्। परमेश्वरले ती मानिसहरूलाई आफ्नो महिमा प्राप्त गर्न तयार गर्नुभयो। २४हामी तिनै मानिसहरू हौं। परमेश्वरले हामीलाई यहूदी र अ-यहूदी दुवै सम्प्रदायबाट चुन्नु भएको छ। २५होशेको किताबमा धर्मशास्त्रले भन्दछ:

“जो मानिसहरू मेरा होइनन्, म भन्नेछु ती मेरा
मानिसहरू हुन्। अनि ती मानिसहरू जसलाई
मैले प्रेम गरिनँ, म भन्नेछु तिनीहरूलाई प्रेम
गर्छु।”

*होशे २:२३*

२६ “अनि त्यही ठाउँमा जहाँ परमेश्वरले भन्नुभयो,
‘तिमीहरू मेरा मानिसहरू होइनौ’ त्यसै ठाउँमा
तिनीहरूलाई जीउँदा परमेश्वरका पुत्रहरू भनेर
भनिने छ।”

*होशे १:१०*

२७अनि इस्राएलको विषयमा यशैया कराए:

“इस्राएलका मानिसहरू समुद्र किनारका
वालुवाका कणहरू भैं अनगन्ती छन्। तर

तिनमा थोरै मात्रको उद्धार हुनेछ। २८हो,
परमेश्वरले चाँडै नै यस पृथ्वीमा मानिसहरूको
जाँच गरिसक्नु हुनेछ।"*

२९यस्तै कुरा यशैयाले भने:

"परमप्रभु सर्वशक्तिमान छन्। प्रभुले हाम्रा निम्ति
उहाँका कतिपय मानिसहरूलाई बचाउनु भयो।
यदि उहाँले त्यसो नगर्नु भएको भए अहिले
हामी सदोम जस्तै हुने थियौं अनि हामी
गमोरा* जस्तै हुने थियौं।"*

३०अत: यी सबले के बुझाउँछ? यसको तात्पर्य हो:
अ-यहूदीहरूले धर्मी बन्न खोजिरहेका थिएनन्। तर
तिनीहरू विश्वासमा आधारित धर्मी बनाइए। ३१अनि
इस्राएलका मानिसहरूले व्यवस्थालाई पछ्याएर धर्मी
बन्ने कोशिश गरे। तर तिनीहरू आफ्नो उद्देश्यमा सफल
भएनन्। ३२किन असफल भए? किनभने, आफ्ना
कामहरूको आधारमा तिनीहरूले आफैलाई धर्मी बनाउने
कोशिश गरे, विश्वासको आधारमा होइन। तिनीहरू
त्यस ढुंगामा ठेस लागेर लड़े जसले मानिसलाई लड़ाउँछ।
३३त्यस ढुंगाको विषयमा धर्मशास्त्र भन्छ:

"हेर, सियोनमा* म एउटा ढुंगा राख्छु, जसमा
मानिसहरूलाई ठेस लाग्छ। यो एउटा चहान हो
जसले मानिसलाई पाप गर्नु लाउँछ। तर चट्टानमा
कसैले विश्वास गर्दछ भने उसलाई लज्जित
पारिने छैन।"

*यशैया ८:१४, २८:१६*

**१०** दाजु-भाइहरू र दिदी-बहिनीहरू, यहूदीहरूको
उद्धार हुनसकोस् भनेर म हृदयबाटै चहान्छु। यो
मेरो परमेश्वरप्रति प्रार्थना छ। २यति मात्र म यहूदीहरूको
विषयमा भन्न सक्छु: तिनीहरू साँचि नै परमेश्वरलाई
पछ्याउन चाहन्छन्। तर तिनीहरू ठीक बाटो जान्दैनन्।
३तिनीहरूले धर्मी बनाउने परमेश्वरको बाटो जानेनन्।
तिनीहरूले आफ्नै तरिकाबाट धार्मिक बन्न चाहे, अनि
त्यसैले मानिसहरूलाई धर्मी बनाउने परमेश्वरको बाटो
तिनीहरूले स्वीकार गरेनन्। ४ख्रीष्टले व्यवस्था समाप्त
गरिदिनुभयो ताकि प्रत्येक व्यक्ति जसले विश्वास गर्छ उ
धर्मी बन्न सक्छ।

५व्यवस्थाले दिएको धार्मिकता बारे मोशा भन्दछन्:
"व्यवस्थाको अनुसार हिंड्ने मानिस त्यसबाटै बाँच्ने
छ।"* ६तर विश्वासले दिएको धार्मिकताको विषयमा
धर्मशास्त्रले भन्छ: "तिमीहरू स्वयंले नसोध, 'स्वर्गमा को
जानेछ?'" (जसको अर्थ हुँदछ, "ख्रीष्टलाई पृथ्वीमा
उतार्न को स्वर्ग जानेछ?") ७"र नभन, 'पातालमा को
जानेछ?" (जसको अर्थ हुँदछ, "ख्रीष्टलाई मृत्युबाट
फर्काउन पातालमा को जानेछ?") ८धर्मशास्त्रले यसरी
भन्छ: "परमेश्वरको शिक्षा तिमीहरूको नजिक छ; त्यो
तिम्रो मुखमा र तिम्रो हृदयमा छ।"* यो शिक्षा
विश्वासको शिक्षा हो जुन हामी प्रचार गर्छौं। ९यदि
तिमीहरूले "येशू नै प्रभु हुनुहुन्छ," भन्न मुख खोल्यौ
भने अनि यदि परमेश्वरले येशूलाई मृत्युबाट जगाउनुभयो
भन्ने कुरामा तिमीहरू विश्वास गर्छौ भने, तिमीहरूको
उद्धार हुनेछ। १०हों, हामी हृदयले विश्वास गर्दछौं
त्यसैले हामी धर्मी बनाइएका छौं। अनि हामी विश्वास
गर्छौं भन्ने स्वीकार गर्न हामी आफ्ना मुख खोल्दछौं
त्यसैले हामी बचाइएका छौं। खोल्यौ र विश्वास गर्‍यौ र
हाम्रो उद्धार भयो। ११हो, धर्मशास्त्रले भन्छ, "जसले
पनि उहाँमा विश्वास गर्छ भने, उ लज्जित हुने छैन।"
१२किनभने यहूदी र अ-यहूदीहरूमा भिन्नता छैन। उनै
परमप्रभु सबैका लागि प्रभु हुनुहुन्छ। ज-जसले उहाँमा
विश्वास राख्दछ ती सबैलाई उहाँ पूर्ण आशिष दिनुहुन्छ।
१३हो, धर्मशास्त्रले भन्छ, "जसले परमप्रभुमा भरोसा
राख्छ उसको उद्धार हुँदछ।"*

१४तर तिनीहरूले प्रभुलाई पत्याउन भन्दा पहिले
उहाँमा विश्वास गर्नुपर्छ? अनि विश्वास गर्नअघि, तिनीहरूले
उहाँको बारेमा सुन्नुपर्छ। तर उहाँको बारेमा सुन्नलाई

---

**"इस्राएलका … हुनेछ"** यशैया १०:२२-२३।

**सदोम, गमोरा** नराम्रा मानिसहरू बस्ने नगरहरू। परमेश्वरले तिनीहरूलाई तिनीहरूको नगरहरू ध्वंश पारेर सजायँ दिनुभयो।

**"परमप्रभु … थियौं"** यशैया १:९।

**सियोन** यरूशलेमको अर्को नाउँ हो, परमेश्वरका मान्छेको शहर।

**"व्यवस्थाको … छ"** लेवी १८:५।

**पद ६-८** व्यवश्था ३०:१२-१४।

**"जसले … छैन"** यशैया २८:१६।

**"जसले … हुँदछ"** योएल २:३२।

कसैले उहाँ बारे तिनीहरूलाई प्रचार गर्नुपर्छ। [15]तर
कसैले प्रचार गर्नुभन्दा अघि, उसलाई पठाइनु पर्छ।
धर्मशास्त्रले भन्छ: "सुसमाचार ल्याउनेहरूका खुट्टा सुन्दर
हुन्छन्।"*

[16]तर सबै यहूदीहरूले त्यो सुसमाचार स्वीकार
गरेनन्। यशैयाले भने, "परमप्रभु हाम्रो सन्देशलाई कसले
विश्वास गरे?"* [17]यसैले सुसमाचार सुनेपछि विश्वास
आउँदछ। अनि यदि कसैले मानिसलाई ख्रीष्टको विषयमा
बताए तिनीहरूले सुसमाचार सुन्नेछन्।

[18]तर म सोध्छु, "के तिनीहरूले सुसमाचार सुने?"
हो, तिनीहरूले सुने। धर्मशास्त्रले भन्छ:

"तिनीहरूका आवाज सारा संसारमा फैलियो।
तिनीहरूका शब्द संसारका चारै दिशा तर्फ
पुगे"

*भजनसंग्रह १९:४*

[19]फेरि म सोध्छु, "के इस्राएलका मानिसहरूले बुझेनन्?"
हो, तिनीहरूले बुझे। मोशा पहिले परमेश्वरका कुरा
भन्छन्:

"म ती मानिसहरूलाई प्रयोग गरेर तिनीहरूमा
इर्ष्या उत्पन्न गराउँछु, जो एक जाति होइन।
एउटा मूर्ख जातिलाई प्रयोग गरेर म तिमीहरूलाई
क्रुद्ध बनाउँछु।"

*व्यवस्था ३२:२१*

[20]त्यसपछि यशैया अझ निर्भयताका साथ परमेश्वरलाई
भन्छन्:

"जुन मानिसहरूले मलाई खोज्दै खोजेका थिएनन्,
तिनीहरूले मलाई पाए। जसले मलाई सोध्दै
सोधेका थिएनन्, म तिनीहरू कहाँ प्रकट
भएँ।"

*यशैया ६५:१*

[21]परमेश्वरले यी कुराहरू यशैयाको माध्यमबाट अ-
यहूदीहरूलाई भन्नुभयो। तर यहूदीहरूका बारेमा परमेश्वर
भन्नुहुन्छ, "सारा दिन मैले ती मानिसहरूलाई पर्खें, तर
तिनीहरूले मेरो आज्ञा मानेनन् अनि मलाई पछ्याएनन्
पनि।"*

## आफ्ना मानिसहरूलाई परमेश्वरले विर्सनुभएन

११ तब मैले सोधें, "के परमेश्वरले आफ्ना
मानिसहरूलाई फालिदिनु भयो त?" त्यसो होइन!
म स्वयं एक इस्राएली हुँ। म अब्राहामको परिवारको हुँ।
म बिन्यामीनको कुलको हुँ। [2]तिनीहरू जन्मनुभन्दा
पहिल्यै परमेश्वरले इस्राएलीहरूलाई आफ्ना मानिसको
रूपमा चुन्नु भएको थियो। अनि परमेश्वरले ती
मानिसहरूलाई निकालेर फाल्नु भएन। नि:सन्देह, तिमीहरू
जान्दछौ धर्मशास्त्रले एलिया बारेको कथामा के भन्छ।
धर्मशास्त्रले भन्छ, एलियाले परमेश्वरलाई इस्राएलका
मानिसहरूका विरुद्धमा यस प्रकारले प्रार्थना गरिरहेका
थिए, [3]"परमप्रभु, मानिसहरूले तपाईंका अगमवक्ताहरूलाई
मारे। अनि तपाईंका वेदीहरू सबै भत्काई दिए। म मात्र
एकजना अगमवक्ता अझ बाँचिरहेछु। अनि मानिसहरू
मलाई मार्न खोजिरहेछन्।"* [4]तर परमेश्वरले एलियालाई
कस्तो उत्तर दिनुभयो? उहाँले भन्नुभयो, "मैले अझसम्म
मलाई पुज्न सात हजार मानिसहरू राखेको छु। ती सात
हजार मानिसहरूले बाललाई* पुजेनन्।"* [5]यस्तै
प्रकारले, परमेश्वरको अनुग्रहले चुनिएका अहिले पनि
इस्राएलमा त्यहाँ कतिपय मानिसहरू छन्। [6]अनि यो
परमेश्वरको अनुग्रह कै फल हो भने, त्यो मानिसहरूको
कामको फल होइन। नत्र भने परमेश्वरको अनुग्रह
अनुग्रह नै रहने थिएन।

[7]यसैले त्यो यस्तो हुनगयो: इस्राएलका मानिसहरूले
धर्मी बन्ने कोशिश गरे। तर ती सफल बन्नसकेनन्। तर
परमेश्वरले चुन्नुभएका मानिसहरू भने धर्मी बने। अरू
मानिसहरू कठोर थिए र परमेश्वरको कुरा सुन्न
चाहेनन्। [8]जस्तो धर्मशस्त्रमा लेखिएको छ:

---

**"सुसमाचार … हुन्छन्"** यशैया ५२:७।

**"परमप्रभु … गरे"** यशैया ५३:१।

**"सारा … पछ्याएनन् पनि।"** यशैया ६५:२।

**"परमप्रभु … खोजिरहेछन्"** १ राजा १९:१०, १४।

**बाल** कृत्रिम देवता वा मूर्तीको नाउँ।

**"मैले … पुजेनन्"** १ राजा १९:१८।

"परमेश्वरले मानिसहरूका इन्द्रियलाई चेतनाहीन बनाइदिनु भयो।"

*यशैया २९:१०*

"परमेश्वरले तिनीहरूका आँखा बन्द गरिदिनु भयो ताकि तिनीहरूले देख्न नसकून्। उहाँले तिनीहरूका कान बन्द गरिदिनुभयो ताकि तिनीहरूले सुन्न नसकून्। अझसम्म त्यही भइरहेछ।"

*व्यवस्था २९:४*

[9]अनि दाउद भन्छन्:

"तिनीहरूका भोजहरूमा, तिनीहरू पासोमा परून्
र पक्राउ खाऊन्। तिनीहरूले ठोक्कर खाउन् र
ती लडून्, तिनीहरू दण्डित होऊन्।
१० तिनीहरूका आखा बन्द रहून्, तब ती देख्न
सक्दैनन्। अनि ती सदा कष्टमा परिरहून्।"

*भजनसंग्रह ६९:२२-२३*

[11]त्यसैले म सोध्छु: जब यहूदीहरूले ठोक्कर खाए,
त्यस ठोक्करले के ती ध्वंश भए? भएनन्। तिनीहरूका
गल्तीले अ-यहूदीहरूलाई मुक्ति प्रदान गर्‍यो र यहूदीहरूलाई
इर्ष्यालु बनायो। [12]यहूदीहरूको ठोक्करले संसारलाई ठूलो
आशिष ल्याएको छ, अनि तिनीहरूले जे गुमाए त्यसले
अ-यहूदीहरूलाई ठूलो आशिष ल्याएको छ। अत:
कल्पना गर परमेश्वरले तिनीहरूलाई जस्तो हुनु चाहनुहुन्छ
ती त्यस्तै भइदिए संसारले कति महान् आशिष पाउने
थियो!

[13]अब म तिमीहरूसँग बोलिरहेछु जो यहूदीहरू
होइनौ। म अ-यहूदीहरूको प्रेरित हुँ। यसैले जति बेला
म सँग हुन्छ, म यथासक्य असल गर्छु। [14]म आशा
गर्छु कि म आफ्नै मानिसहरूलाई इर्ष्यालु बनाउन
सक्छु। त्यस्तै प्रकारले म आशा गर्छु म तिनमा
कतिपयलाई उद्धार गर्न सक्छु। [15]परमेश्वर यहूदीहरूसंग
रिसाउनु भयो भनेको, उहाँ संसारका अन्य मानिसहरूसंग
मित्र बन्नुभयो भनेको हो। त्यसैले कल्पना गर, परमेश्वरले
यहूदीहरूलाई पुन: स्वीकार गर्नुभयो भने के होला?
त्यसले मृत्युपछि जीवन ल्याउने छ।

[16]यदि रोटीको पहिलो टुक्रा परमेश्वरलाई अर्पण
गरे, जम्मै रोटी पवित्र हुन्छ। यदि एउटा रूखका
जराहरू पवित्र छन् भने त्यसका हाँगाहरू पनि पवित्र
हुनेछन्।

[17]भद्राक्षको रूखका केही हाँगाहरू भाँचिएका थिए।
अनि जंगली भद्राक्ष रूखको हाँगा (जस्तो अ-यहूदी)
तिमीहरू त्यस भद्राक्षका हाँगाहरूमा कलमी हानिएकाहरू
थियौ। अब त्यसै भद्राक्ष रूखको शक्ति र जीवनको
साझेदारी तिमीहरूले गर्नेछौ। [18]यसैले भाँचिएका
हाँगाहरूभन्दा ठूला बन्ने घमण्ड नगर। तिमीहरूले घमण्ड
गर्ने कुनै कारण छैन। किन? तिमीहरूले त्यो जरामा
प्राण भर्दैनौ। त्यो जराले पो तिमीहरूलाई प्राण दिन्छ।
[19]तिमीहरूले भन्ने छौ, "हागाँहरू भाँचिएर गए जसमा
कि म रूखमा कलमी बनाउन सकूँ।" [20]त्यो सत्य हो।
ती हाँगाहरू भाँचिएका थिए किनभने तिनीहरूले विश्वास
गरेनन्। अनि तिमीहरू आफ्नो विश्वासको कारणले त्यस
रूखमा ठाउँ पाउँछौ। घमण्डी नबन तर कातर बन।
[21]परमेश्वरले प्राकृतिक हाँगाहरूलाई नजोगाए जस्तै
यदि तिमीहरूले विश्वास गरिरहेनौ भने उहाँले तिमीहरूलाई
जोगाउनु हुने छैन।

[22]अत: बुझ, परमेश्वर कति दयालु हुनु सक्नु
हुन्छ, तर साथै बुझ, परमेश्वर कठोर पनि हुनु
सक्नुहुन्छ, जसले परमेश्वरको बाटो पछ्याउन छाड्छ
उसित उहाँ कठोर हुनुहुन्छ। तर तिमी उहाँका दयाभित्र
रहिरह्यौ भने परमेश्वर दयालु हुनुहुन्छ। तर तिमीले त्यसो
गरेनौ भने तिमी रूखका हाँगाहरू काटिए झैं काटिने
छौ। [23]अनि यदि यहूदीहरूले परमेश्वरमा फेरि विश्वास
राख्न थाले, परमेश्वरले तिमीहरूलाई फेरि ग्रहण
गर्नुहुनेछ। परमेश्वरमा तिनीहरूलाई फेरि फर्काई ल्याउने
क्षमता छ जहाँ तिनीहरू पहिले थिए। [24]एउटा असल
भद्राक्ष रूखमा जंगली भद्राक्ष रूखका हाँगाहरू कलम
सार्नु प्राकृतिक कुरो होइन। तर तिमी अ-यहूदीहरू
जङ्गली भद्राक्ष रूखका हाँगाहरू जस्ता हौ, जो असल
भद्राक्षको रूखमा कलमी सारिएको छ। तर यहूदीहरू
असल भद्राक्ष रूखका हाँगाहरू जस्ता हुन्। अत:
नि:सन्देह तिनीहरू मूल रूखमा कलमी सार्न सकिन्छ।

[25]दाजु-भाइहरू र दिदी-बहिनीहरू, म तिमीहरूलाई
यो गुप्त कुरा बताउन चाहन्छु। यसले तिमीहरूलाई
नबुझेका सबै कुराहरू बुझ्नमा सहयोग गर्नेछ। सत्य
यो हो: इस्राएलको एउटा भाग हठी भयो। तर त्यो
परिवर्तन हुनसक्ने छ जब प्रशस्त अयहूदीहरू परमेश्वर
कहाँ आउँदछन्। [26]अनि त्यसै गरी सारा इस्राएलीहरूलाई
बचाइने छ। यो धर्मशास्त्रमा लेखिएको छ:

"उद्धारक सियोनबाट आउनुहुने छ, उहाँले
याकूबका परिवारबाट दुष्ट्याइँ हटाउनुहुनेछ
२७ अनि म तिनीहरूसँग यो वाचा गर्नेछु, जब
तिनीहरूका पापहरू म हरण गर्नेछु।"

*यशैया ५९:२०-२१, २७:९*

२८यहूदीहरू सुसमाचार ग्रहण गर्न अस्वीकार गर्छन्, अत: तिनीहरू परमेश्वरका शत्रुहरू हुन्। यो तिमी अ-यहूदीहरूलाई सहायता गर्नको लागि भएको हो। तर तिनीहरू चुनिएका मानिसहरू हुनाको कारण परमेश्वरले अझ पनि प्रेम गर्नुहुन्छ। किनभने तिनीहरूका पिताहरूलाई वचन दिनुभएको थियो। २९परमेश्वरले मानिसहरूलाई आफूले दिनुहुने उपहारको बारेमा अनि आफ्नो बोलावटको बारेमा आफ्नो मन परिवर्त्तन गर्नुहुने छैन। ३०एक समयमा तिमीहरूले परमेश्वरलाई मान्न अस्वीकार गरेका थियौ। तर अहिले तिमीहरूले परमेश्वरको कृपा पायौ कारण तिनीहरूले आज्ञा पालन गर्न मानेनन्। ३१अनि अहिले तिनीहरूले परमेश्वरको आज्ञा पालन गर्न अस्वीकार गर्छन् किनभने परमेश्वरले तिमीहरू प्रति कृपा दर्शाउनुभयो। तिनीहरूले पनि परमेश्वरबाट कृपा प्राप्त गरून् भनी त्यसो भएको थियो। ३२सबै मानिसहरू अनज्ञाको कारागारमा यसकारण थुनिएका छन् कि परमेश्वरको कृपा सबैमा पुग्न सकोस्।

## परमेश्वरको प्रशंसा गर

३३हो, परमेश्वरको एश्वर्य को सीमा छैन! उहाँको ज्ञान र बुद्धिको कुनै अन्त छैन! कसैले पनि परमेश्वरले गर्नुभएको निर्णयको व्याख्या गर्न सक्तैन। कसैले पनि परमेश्वरको बाटोहरू बुझ्दैन। ३४जस्तो धर्मशास्त्रमा लेखिएको छ:

"परमप्रभुको मन कसले जान्दछ? उहाँको सल्लाह
कसले दिनेछ?"

*यशैया ४०:१३*

३५ "कसैले कहिल्यै परमेश्वरलाई केही उपहार
दिएको छ? जसमा कि बद्लीमा परमेश्वरले
पनि उसलाई उपहार दिनपरोस्।"

*अय्यूब ४१:११*

३६हो, परमेश्वरले सबै थोकको सृजना गर्नुभयो। सबै कुरा उहाँकै कारणले र उनैको निम्ति चलिरहेछ। परमेश्वरको महिमा रहिरहोस्! आमिन।

## परमेश्वरलाई तिमीहरूको जीवन देऊ

**१२** यसैले दाजु-भाइहरू र दिदी-बहिनीहरू, केही गर भनेर म बिन्ती गर्दछु। परमेश्वरले हामीलाई ठूलो दया देखाउनुभयो। अत: परमेश्वरलाई प्रसन्न गर्दै आफ्नो जीवनलाई जीवित बलिदानको रूपमा अर्पण गर। यही तिमीहरूको आत्मिक उपासना हो। २सांसारिक स्तरमा आफूलाई परिवर्त्तन नगर। तर विचारको नयाँ बाटो अप्नाएर आफूलाई आन्तरिक रूपले परिवर्त्तन गर। अनि त्यसपछि तिमीहरू राम्रो के हो, उहाँलाई के मन पर्छ र संपूर्णता के हो, आफै परमेश्वरको इच्छा पत्तो लाउन समर्थ हुने छौ।

३परमेश्वरले मलाई अनुपम अनुग्रहको वरदान दिनुभएको छ, म तिमीहरू सबैलाई भन्छु: आफू जे छौ त्यो भन्दा बढ़ता आफूलाई नसंझ। परमेश्वरले दिनुभएको विश्वासको आधारमा तिमी वास्तवमा बाचिरहेका छौ त्यो स्वयं हेर। ४हामी प्रत्येकको एउटै शरीर छ अनि यो धेरै भागमा बाँडिएको छ। यी भागहरूको एउटै काम हुँदैन। ५उसै गरी, हामी धेरै मानिसहरू छौं, तर ख्रीष्टमा हामी एक शरीर हौं। अनि प्रत्येक अंग अरू भागहरूका हुन्। ६हामी सबैसँग विभिन्न वरदानहरू छन्। हरेक वरदानहरू परमेश्वरको अनुग्रहबाट आएको छ। यदि कसैसँग अगमवाणी गर्ने वरदान छ भने उसले आफ्नो विश्वासको अनुसार त्यसको उपयोग गर्नुपर्छ। ७यदि कसैसँग सेवाको वरदान छ भने उसले सेवा गर्नुपर्छ। यदि कसैसँग उपदेशको वरदान छ भने उसले उपदेश दिनुपर्छ। ८यदि कसैसँग उत्साहको वरदान छ भने उसले अरू मानिसलाई उत्साह दिनुपर्छ। यदि कसैसँग अरूलाई सहयोग गर्ने वरदान छ भने उसले उदारतापूर्वक उपयोग गर्नुपर्छ। यदि कसैसँग नेतृत्व गर्ने वरदान छ भने उसले प्रवीणता पूर्वक नेतृत्व दिनुपर्छ। यदि कसैसँग दया देखाउने वरदान छ भने उसले खुशीको साथमा अरूलाई दया देखाउनु पर्छ।

९तिमीहरूको प्रेम शुद्ध हुनुपर्छ। ती कुराहरूलाई घृणा गर जुन कुरामा दुष्ट्याइँ छ। असल कुराहरू मात्र गर। १०एकाअर्कामा दाजु-भाइ, दिदी-बहिनीहरूलाई जस्तो प्रेम गर। तिमी आफूलाई जस्तो चाहन्छौ आफ्ना दाजु-भाइ, दिदी-बहिनीहरूलाई त्योभन्दा अझ बढ़ता सम्मान देऊ। ११परमप्रभुको काममा अल्छे नबन। आत्मिक रूपले इर्ष्यालु भएर उहाँको सेवा गर। १२खुशी रहौ किनभने तिमीहरूसँग आशा छ। दु:खमा धैर्य धारण

गर। सधैं प्रार्थना गर। [१३]परमेश्वरका मानिसहरूले सहायता खोजेको देखे आफूमा कुरो बाँडिर भएको सहायता देऊ। अनि मानिसहरूलाई आफ्नो घरमा स्वागत गर।

[१४]ती जसले तिमीहरूको नराम्रो गर्छ उसित मीठो वचन बोल। तर तिनीहरूलाई नसराप। [१५]जब अरूहरू खुशी हुँदछन् तिमी पनि तिनीहरूसँग खुशी हुनुपर्छ। अनि जब अरूहरू रून्छन् तिमी पनि तिनीहरूसँग रूनुपर्छ। [१६]परस्परमा शान्तिपूर्वक मिलेर बस। अंहकार नगर। निम्न पदका मानिसहरूसित मित्रता राख। अभिमानी नबन।

[१७]यदि तिमीलाई कसैले चोट पुऱ्याँउछ भने तिमीले त्यसको बद्‌ला नलेऊ। सबै मानिसलाई राम्रो गर्ने प्रयास गर। [१८]यदि यो तिम्रो पक्षबाट सम्भव भए सबैसँग शान्तिसित बस। [१९]हे मेरा मित्रहरू, तिमीहरूलाई नराम्रो गर्नेलाई दण्डदिने कोशिश नगर। परमेश्वरलाई पर्ख, उहाँले क्रोधको बेलामा तिनीहरूलाई दण्ड दिनुहुनेछ। लेखिएको छ: "दण्ड दिने काम मेरो हो; म साटो फेर्ने छु।"* परमप्रभु भन्नुहुन्छ। [२०]यसर्थ तिमीहरूले यसो गर्नू: "यदि तिम्रो शत्रु भोको छ भने, उसलाई खुवाऊ। यदि तिम्रो शत्रु प्यासा छ भने तिनलाई पानी देऊ। यस प्रकारले तिमीले ती मानिसहरूलाई लज्जित पार्ने छौ।"* [२१]दुष्टले तिमीलाई नजितोस्, तर भलाइले दुष्टलाई जित।

## सरकारको शासकहरूको आज्ञा मान्नु

**१३** तिमीहरू सबैले शासकहरूको आज्ञा मान्नुपर्छ। किनभने शासकहरूलाई अधिकार प्रदान गर्ने परमेश्वर हुन्। अनि अहिले घरि शासन गर्नेहरू परमेश्वरबाट नियुक्त गरिएका हुन्। [२]यसैले जो शासकहरूको विरोधमा जान्छ उ परमेश्वरको नियुक्तिको विरोधमा जान्छ। जो शासकको विरोधमा जान्छ उ दण्डित हुनेछ। [३]जजसले उचित काम गर्दछन् उनीहरूलाई शासकहरूदेखि डराउने काम छैन। तर जजसले अनुचित काम गर्दछन् उनीहरूलाई शासकहरूदेखि डराउनु पर्छ। के तिमीहरू शासकहरूका डरबाट मुक्त हुन चाहन्छौ? तब उचित काम गर, शासकहरूले तिमीहरूको प्रशंसा गर्नेछन्। [४]शासकवर्ग तिमीहरूलाई सहयोग गर्ने परमेश्वरको सेवक हुन्। तर तिमीले अनुचित काम गऱ्यौ भने, तिमी डराउँछौ। शासकसँग दण्ड दिने अधिकार छ अनि उसले यो अधिकार चलाउँछ। अनुचित काम गर्नेलाई दण्ड दिने उ परमेश्वरको सेवक हो। [५]तिमीले शासकको आज्ञा मान्नै पर्छ, तिमीले मान्नै पर्छ किन कि मानेनौ भने तिमीले दण्ड पाउन सक्छौ। तिमीले मान्नु पर्छ किनभने तिमी जान्दछौ कि असल काम गरिनु पर्छ।

[६]अनि यसैकारण तिमीहरूले कर पनि तिर्नु पर्दछ। शासकहरू परमेश्वरको सेवा गरिरहेछन् अनि त्यसैको लागि तिनीहरूले आफ्नो समय दिन्छन्। [७]तिमीले जे दिनुपर्छ सबै मानिसलाई देऊ। तिमीले जसलाई कर र महसूल तिर्नु परेको हुन्छ उसलाई तिर। आदर गर्नुपर्ने मानिसलाई आदर गर। सम्मान गर्नुपर्ने मानिसलाई सम्मान गर।

## अरूलाई प्रेम गर्नु नै व्यवस्था हो

[८]तिमी कसैप्रति ऋृणी हुनु हुँदैन। तर तिमीहरू सधैं एकाअर्कामा प्रेमको ऋृणी हुनुपर्छ। जसले अरूलाई प्रेम गर्दछ उसले सम्पूर्ण व्यवस्था मान्दछ। [९]म यो किन भन्दैछु? किनभने व्यवस्थाले भन्दछ, "व्यभिचारको पाप नगर, हत्या नगर, कुनै कुरो नचोर, अरूको चीजको लोभ नगर।"* यी सबै आदेशहरू र अन्य आदेशहरू एउटै आदेशमा समाहित छन्: "आफूलाई प्रेम गरे जस्तै अरूलाई प्रेम गर।"* [१०]प्रेमले कसैलाई चोट पुऱ्याउँदैन। अत: प्रेम गर्नु नै सबै व्यवस्थाको पालन गर्नु हो।

[११]मेरो भनाइको कारण यो हो कि हामी अप्ठ्यारो समयमा बाँचिरहेछौं। हो, अब निद्राबाट व्यूँझिने तिम्रो समय आएको छ। किनभने जतिबेला हामीले विश्वास गऱ्यौ त्यस बेलाको भन्दा अहिले हाम्रो मुक्ति हामी नजिक भएको छ। [१२]"रात"* प्राय: सिद्धिसक्यो "दिन"* लगभग यहाँ आइसक्यो। यसर्थ: हामीले कामगर्न रोक्न पर्दछ जुन अन्धकारको हो, अनि हामीले आफूलाई उज्यालाका कामहरू शुरू गर्न तयार बनाउनु पर्छ। [१३]दिनका मानिसहरू जस्तो हामीले स्वच्छतापूर्वक काम

---

**"दण्ड … फेर्ने छु"** व्यवस्था ३२-३५।

**"यदि तिम्रो … पार्ने छौ"** हितोपदेश २५:२१-२२।

**"व्यभिचारको … लोभ नगर"** प्रस्थान २०:१३-१५, १७।

**"आफूलाई … गर"** लेवी १९:१८।

**रात** पापपूर्ण संसारको प्रतीक।

**दिन** असल समयको आगमनको प्रतीक।

गर्नुपर्छ। हामी जंगली र खर्चिलो भोजमा भुलिनु हुँदैन। हामी मात्नु हुँदैन। हामीले व्यभिचारको पापहरू गर्नु हुँदैन र हामीले आफ्ना शरीरले कुनै पाप गर्नु हुँदैन। हामीले झगड़ा गर्नु हुँदैन र ईर्ष्या गर्नु हुँदैन। [१४]त्यसको सट्टामा आफूले प्रभु येशू ख्रीष्टलाई पहिर। आफ्नो पापमय स्वभाव र त्यसको पापमय इच्छाहरूलाई सन्तुष्टी नदेऊ।

### अरूको भर्त्सना नगर

**१४** कमजोर विश्वास भएका आफ्ना समूहका सदस्यहरूलाई अप्नाउन अस्वीकार नगर। अनि
तिनीहरूको विचारमाथि तिनीहरूसित तर्क नगर। [२]आफूलाई
जे मन पर्छ त्यो खानसक्छु भन्ने विश्वासहरू एउटा
व्यक्तिको हुन सक्छ। तर कमजोर विश्वास हुने अर्को
व्यक्तिले सोच्न सक्छ कि उ खालि सागसब्जी मात्र
खान सक्छ। [३]अनि जे पनि खान सक्छु भन्ने मान्छेले
त्यो सागसब्जी मात्र खाने मान्छे भन्दा उत्तम छु भनेर
आफूलाई ठान्नु हुँदैन। अनि सागसब्जी मात्र खाने
मान्छेले पनि सबै खाने मान्छे गलत हो भनेर सोच्नु
हुँदैन। परमेश्वरले ती दुवैलाई ग्रहण गर्नुहुन्छ। [४]तिमीले
अरूको सेवकलाई जाँच्न सक्तैनौ। उसको स्वामीले मात्र
त्यसको ठीक र बेठीकको निर्णय गर्नसक्छ। अनि
परमप्रभुको सेवक ठीक बन्नेछ किनभने प्रभु तिनलाई
ठीक बनाउनु समर्थ हुनुहुन्छ।

[५]कुनै व्यक्तिले एउटा दिनलाई अर्को दिनभन्दा महत्वपूर्ण
ठान्नसक्छ। अनि अर्को व्यक्तिले सबै दिन एकै ठान्न
सक्छ। हरेक व्यक्ति आफ्नो विश्वासमा निश्चित हुनुपर्छ।
[६]जसले एउटा दिन भन्दा अर्को दिन महत्वपूर्ण भनेर
सोच्दछ उसले त्यो परमप्रभुको लागि सोंच्दैछ। अनि
जसले सबै थोक खान्छु भन्छ त्यसले प्रभुको लागि
खाँदैछ। हो, त्यस खानाको लागि उसले प्रभुलाई
धन्यवाद दिँदछ। अनि जसले केही थोक खान अस्वीकार
गर्दछ उसले प्रभुकै लागि अस्वीकार गरिरहेछ। उसले
पनि परमेश्वरलाई धन्यवाद दिँदछ। [७]हो, हामी सबैजना
प्रभुको लागि बाँच्दछौं। हामी आफ्नै निम्ति बाँच्दैनौं
अथवा आफ्नै निम्ति मर्दैनौं पनि। [८]यदि हामी बाँच्छौ
भने, हामी प्रभुको लागि बाँचिरहेछौं। अनि यदि हामी
मर्छौं भने, हामी प्रभुको लागि मर्दछौं। यसैले हामी मरौं
कि हामी बाँचौ हामी प्रभुकै हौं।

[९]यही कारणले गर्दा ख्रीष्ट मर्नुभयो र मृत्युबाट
बाँच्न। ख्रीष्टले त्यसै गर्नुभयो र उहाँ मरेकाहरूका लागि
पनि र बाँचेकाहरूका लागि पनि प्रभु हुनसक्नु भयो।
[१०]तब तिमी ख्रीष्टमा भाइ भनेर किन जाँच्छौ? अथवा
तिमीले आफूलाई आफ्ना दाजु-भाइभन्दा ठूला किन
ठान्छौं? हामी सबैजना परमेश्वरका सम्मुख उभिनु पर्छ।
अनि उहाँले हामीसबैलाई जाँच्नुहुन्छ। [११]हो, यो धर्मशास्त्रमा
लेखिएको छ:

> "प्रत्येक मानिस मेरो सामु झुक्ने छ; अनि
> प्रत्येकले परमेश्वरलाई मान्नेछ। नि:सन्देह म
> बाँचे जस्तै, यी कुराहरू हुनेछन्, परमप्रभु भन्नु
> हुन्छ।"
>
> *यशैया ४५:२३*

[१२]अत: हामी प्रत्येकले परमेश्वरको अगाड़ि आफ्नो
हिसाब दिनु पर्नेछ।

### अरूलाई पापी भनेर दोष नलगाऊ

[१३]यसैले एकअर्कालाई जाँच्ने काम बन्द गरौं।
त्यसको सट्टामा तिमीले दाजु-भाइका वा दिदी-बहिनीका
बाटोमा वाधा नहाल्ने वा केही त्यस्तो नगर्ने निश्चय गर
जसले गर्दा ती पाप गर्न तिर डोरिन सक्लान्। [१४]म प्रभु
येशूमा छु। अनि म जान्दछु कुनै खाद्य आफैमा फोहोर
छैन। तर यदि कसैले फोहोर भनेर विश्वास गर्छ भने
त्यो उसैको लागि फोहोर छ। [१५]केही खाँदैमा यदि
तिमीले आफ्ना दाजु-भाइ दिदी-बहिनीको भावनामा चोट
पुऱ्याउँछौ भने तिमीले प्रेमको बाटो पछ्याउँदैनौ। कसैले
गलत संझेको खाना खाएर तिमीले उसलाई नष्ट गर्नु
हुँदैन। ख्रीष्ट त्यस व्यक्तिको लागि पनि मर्नुभयो।
[१६]आफूलाई असल लागेको कुनै कुराको निन्दा हुन
नदेऊ। [१७]परमेश्वरको राज्यमा खानु र पिउनुको कुनै
महत्व छैन। परमेश्वरको राज्यमा महत्वपूर्ण कुरा त यी
हुन्: धार्मिकता, शान्ति र पवित्र आत्मामा आनन्द।
[१८]कसैले यस प्रकारले ख्रीष्टको सेवा गरे परमेश्वरलाई
खुशी पार्दछ। अनि त्यो व्यक्ति अरूहरूद्वारा स्वीकृत
हुनेछ।

[१९]यसैले कठोर परिश्रमको साथ त्यस्तो काम गरौं
जसबाट शान्ति छाउँछ। अनि त्यस्तो काम गरौं जसमा
कि त्यो एकाअर्कामा सहयोग बन्न सकोस्। [२०]खानालाई

परमेश्वरको कार्य नष्ट गर्न नदेऊ। हरेक खाद्य खान
लायकको हुन्छ। तर अर्कालाई पापमा पार्ने खाना खानु
अनुचित हो। २१मासु वा दाखरस वा अरू कुनै थोक
जसले तिम्रा दाजु-भाइ, दिदी-बहिनीलाई पापमा धकेल्दछ,
त्यो नखानै असल।

२२यी चीजहरूमा तिम्रो विश्वास परमेश्वर र आफूमाझ
राख्नु पर्छ। अपराध बोध नगरी आफूले उचित ठहऱ्याएको
काम गर्ने व्यक्ति धन्य हो। उसलाई परमेश्वरबाट
आशिष प्रदान गरिन्छ। २३तर कसैले शंका गर्दै केही
कुरो खान्छ भने उ स्वयं नै दोषी हुँदछ। किन? किनभने
उसलाई त्यो उचित हो भन्ने भरोसा भएन अनि भरोसा
नभई गरेको जे कुरा पनि पाप हो।

**१५** हामीहरूमध्ये जो विश्वासमा दरिला छौं कमजोर
व्यक्तिलाई सहयोग गर्नु पर्छ। कमजोर व्यक्तिहरूलाई
हामीले सघाउनुपर्छ। हामीले आफैलाई मात्रै खुशी
तुल्याउन हुँदैन। २तिनीहरूलाई विश्वासमा दरिला बनाउन
र तिनीहरूका भलाइको लागि हामी प्रत्येकले अरूलाई
खुशी पार्नुपर्छ। ३ख्रीष्ट पनि आफू स्वयंलाई खुशी राख्ने
कोशिश गर्नुभएन। उहाँको विषयमा धर्मशास्त्रमा भनिएको
छ: "जसले तिमीलाई अपमान गरे ती अपमान ममाथि
परे।"* ४बितेका दिनहरूमा लेखिएका हरेक कुरो
हामीलाई शिक्षा दिनु लेखिएको थियो। हामीले आशा
गर्न सकौं भनेर नै ती लेखिएका थिए। धर्म शास्त्रबाट
आउने धैर्य र बलबाट हामी आशा प्राप्त गर्न सकौं।
५धैर्य र बल परमेश्वरबाट उत्पन्न हुन्छ। अनि म प्रार्थना
गर्छु कि परमेश्वरले तिमीहरूलाई ख्रीष्ट येशूको उदाहरण
अनुसार तिमी आफैहरूमाझ मेल-मिलापमा राखून्।
६त्यसपछि तिमीहरू सबै एक भएर मिल्नेछौ। तिमीहरू
सबै एक भएर हाम्रा प्रभु येशू ख्रीष्ट पिता प्रति महिमा
प्रदान गर्नेछौ। ७ख्रीष्टले तिमीहरूलाई ग्रहण गर्नुभयो।
यसैले परमेश्वरको महिमाको निम्ति तिमीहरूले
एकाअर्कालाई स्वीकार गर्नुपर्छ। ८म तिमीहरूलाई भन्दछु
कि परमेश्वरको विश्वासनीयताको निम्ति र यहूदी
पुर्खाहरूलाई आफूले दिनुभएको प्रतिज्ञालाई पक्का गर्नको
निम्ति ख्रीष्ट यहूदीहरूका सेवक बन्नुभयो। ९ख्रीष्ट
सेवक बन्नुभयो ताकि अ-यहूदीहरूले परमेश्वरप्रति उहाँको
करूणाको प्रशंसा गरून्। धर्मशास्त्रले भन्छ:

"यसैले म अ-यहूदीहरूमा तिमीहरूलाई धन्यवाद
दिनेछु; म तिमीहरूका नामको स्तुति गाउने
छु।"

*भजनसंग्रह १८:४९*

१०धर्मशास्त्रले यसो पनि भन्छ:

"तिमी अ-यहूदीहरू परमेश्वरका मानिसहरूसँगै
खुशी होऊ।"

*व्यवस्था ३२:४३*

११अनि फेरि त्यसले भन्छ:

"तिमीहरू सबै अयहूदीहरू! परमप्रभुको प्रशंसा
गर; सबैले उहाँको प्रशंसा गर्नुपर्छ।"

*भजनसंग्रह ११७:१*

१२अनि यशैयाले भनेका छन्:

"एकजना व्यक्ति यस्सीका परिवारबाट* आउने
छन्। ती व्यक्तिले अयहूदीहरूमाथि राज गर्नेछन्;
अनि ती व्यक्तिको कारणले अ-यहूदीहरूले
आशा प्राप्त गर्नेछन्।"

*यशैया ११:१०*

१३तिमीहरूले परमेश्वरमा विश्वास गर्ने हुनाले, परमेश्वर
जो आशाको मुहान हुनुहुन्छ, उहाँले तिमीहरूलाई आनन्द
र शान्तिले पूर्ण गरून्। तब तिमीहरूको आशा पवित्र
आत्माको शक्तिद्वारा परिपूर्ण बन्नेछ।

### पावल आफ्नो कार्यबारे भन्दछन्

१४मेरा दाजु-भाइहरू र दिदी-बहिनीहरू, म निश्चित
छु कि तिमीहरू भलाइले भरिएका छौ। म जान्दछु
तिमीहरूसँग चाहे जाति सम्पूर्ण ज्ञान छ अनि तिमीहरूले
एक अर्कालाई उपदेश दिनसक्छौ। १५मैले तिमीहरूलाई
संझाउनलाई केही कुराहरू खुलस्त गरी लेखेको छु।
मैले यसो गरेंको कारण परमेश्वरले मलाई यो विशेष

---

**"जसले … परे"** भजनसंग्रह ६९:९।

**यस्सीका परिवारबाट** येस्सी दाऊदका पिता थिए। दाऊद इस्राएलका राजा थिए। येशू त्यही परिवारका हुनुहुन्छ।

उपाहार दिनु भएको छ। [१६]अ-यहूदीहरूलाई सहयोग
गर्नु भनेर परमेश्वरले मलाई ख्रीष्ट येशूका सेवक
बनाउनु भएको छ। उहाँको सुसमाचारहरू प्रचार गरेर
मैले परमेश्वरको सेवा गरें। मैले यसो गर्नाको उद्देश्य
अ-यहूदीहरू परमेश्वरका ग्रहणयोग्य बलिहरू बन्नसकून्
भन्ने हो। पवित्र-आत्माद्वारा तिनीहरू पवित्र पारिए।

[१७]यसैले म ती कुराहरूका घमण्ड गर्दछु जुन मैले
परमेश्वरका निम्ति ख्रीष्ट येशूमा गरें। [१८]अ-यहूदीहरूलाई
परमेश्वरको आज्ञाकारी बनाउनमा वचन र कर्मद्वारा
ख्रीष्टले मेरो मार्फत जे गर्नु भएको छ त्यसबारे मात्र
बोल्ने आँट म गर्नेछु। [१९]अनि तिनीहरूले परमेश्वरको
आत्माको शक्तिद्वारा गरिएका चमत्कारहरू र आश्चर्यलाई
देखेर आज्ञा पालन गरे। पूरै यरूशलेमदेखि इल्लिरिकमसम्म
ख्रीष्टको सुसमाचार प्रचार गर्ने काम मैले सिद्ध्याएँ।
[२०]जहाँ-जहाँ ख्रीष्टलाई जानिंदैन ती-ती ठाउँहरूमा मात्र
सुसमाचार प्रचार गर्ने इच्छा सदा मेरो रहेको छ। मैले
यसो गरें कारण कसैले पहिल्यैबाट थालिसकेको काममाथि
निर्माण गर्न मैले चाहिनँ। [२१]तर धर्मशास्त्रमा लेखिएको
छ:

> "मानिसहरू जसलाई उहाँको विषयमा भनिएको
> छैन, तिनीहरूले देख्नेछन्; मानिसहरू जसले
> उहाँको विषयमा सुनेका छैनन्, तिनीहरूले
> बुझ्नेछन्।"
>
> *यशैया ५२:१५*

### पावलको रोम भ्रमण गर्ने इच्छा

[२२]यही कारणले गर्दा म तिमीहरूकहाँ आउन धेरै
पल्ट रोकिएको छु।

[२३]अब यस भेकमा मैले आफ्ना कामहरू सिद्धाएँ।
अनि धेरै वर्षदेखि म तिमीहरू कहाँ आउन चिन्तित
थिएँ। [२४]यसैले स्पेन जाँदा म तिमीहरूलाई भेट्ने आशा
गर्छु। निश्चय, म स्पेन भएर जाँदाखेरि तिमीहरूलाई
भेट्ने आशा गर्छु। केही बेर तिमीहरूका साथमा आनन्द
मनाउने आशा गर्छु अनि त्यसपछि तिमीहरूले मेरो
यात्रामा साथ दिन सक्छौ। [२५]अहिले म परमेश्वरका
मानिसहरूलाई मदत गर्न यरूशलेम गइरहे छु।
[२६]यरूशलेममा परमेश्वरका कतिपय मानिसहरू गरीब
छन्। [२७]म्यासिडोनिया र अखैयाका विश्वासीहरू
यरूशलेमका ती मानिसहरूलाई चन्दा दिएर सघाउन
खुशी थिए। तिनीहरू सहयोग दिन खुशी थिए। वास्तवमा,
यरूशलेमका गरीबहरूलाई मदत गर्न ती वाध्य छन्।
यहूदीहरूको आत्मिक आशिर्वादमा सहभागी भएकाले
ती अ-यहूदीहरूले सघाउनु पर्छ। त्यसैले तिनीहरूले
आफ्ना भौतिक वस्तुहरू तिनीहरूलाई सघाउन उपयोग
गर्नुपर्छ। यसको लागि तिनीहरू यहूदीहरूका ऋणी छन्।
[२८]मैले निश्चित गर्नु छ कि यरूशलेमका गरीबहरूले ती
सबै पैसा पाऊन् जुन तिनीहरूलाई दिइएको छ। यो
काम सकेर म स्पेन जान्छु। स्पेन जाँदाहुँदी, म तिमीहरूकहाँ
आउँछु। [२९]जब म तिमीहरूलाई भेट्न आउँछु म
ख्रीष्टको सम्पूर्ण आशिषसितै आउँछु।

[३०]दाजु-भाइ र दिदी-बहिनीहरू, म तिमीहरूलाई
बिन्ती गर्दछु, मेरो निम्ति परमेश्वरलाई प्रार्थना गरेर
मलाई मेरा काममा सहयोग गर। हाम्रा प्रभु येशू
ख्रीष्टको नाममा र पवित्र आत्माले दिने प्रेमद्वारा म यो
विन्ती गर्दछु। [३१]प्रार्थना गर कि म यहूदियाका
अविश्वासीहरूबाट जोगिन सकूँ। मैले उनीहरूका निम्ति
लगेको सहयोगलाई यरूशलेममा परमेश्वरका मानिसहरूले
सहर्ष स्वीकार गरून् भनेर पनि प्रार्थना गरिदेऊ। [३२]त्यसपछि
परमेश्वरले चाहनुभयो भने म तिमीकहाँ आउने छु। म
खुशीले आउने छु तिमीहरूसँगै विश्राम लिने छु।
[३३]परमेश्वर जो शान्तिका स्त्रोत हुनुहुन्छ, तिमीहरू
सबैसित रहून्। आमिन।

### अन्तिम शब्दहरू

**१६** म तिमीहरूलाई हाम्री बहिनी फिबीसँग परिचित
गराउन चाहन्छु। उनी सिनक्रिया मण्डलीकी
सेविका हुन्। [२]परमप्रभुका मानिसहरूलाई सुहाउँदो हिसाबले
उनलाई प्रभुको नाउँमा उनले चाहेका कुरामा जसरी भए
पनि सघाऊ। उनले मलाई खुबै सहयोग गरेकी छन् र
उनले धेरै अरूहरूलाई पनि सघाएकी छन्।

[३]प्रिस्कीला र अक्वीलालाई नमस्कार गर। ख्रीष्ट
येशूमा तिनीहरूले मसँगै काम गर्छन्। [४]तिनीहरूले मेरो
जीवन बचाउन आफ्ना जीवन पनि जोखिममा हालेका
थिए। म तिनीहरूलाई धन्यवाद दिंदछु र अ-यहूदीहरूका
सबै मण्डलीहरूले पनि कृतज्ञ छन्। [५]अनि उनीहरूका
घरमा भेला हुने मण्डलीलाई पनि नमस्कार।

मेरा प्रिय मित्र इपेनितसलाई नमस्कार। एशियामा
ख्रीष्टलाई मान्ने उनी प्रथम व्यक्ति हुन्। [६]मरियमलाई
पनि नमस्कार। उनले तिमीहरूका लागि कठिन काम

गरेकी छन्। ७एन्ड्रोनिकस र युनिसलाई पनि नमस्कार। तिनीहरू मेरा आफन्त हुन् र मसँगै जेलमा थिए। तिनीहरू प्रेरितहरूद्वारा सम्मानित छन्। तिनीहरू मभन्दा अगाडिनै ख्रीष्टका विश्वासीहरू बनेका थिए। ८परमप्रभुको नाउँमा एमप्लिआतसलाई नमस्कार। ९उर्बानसलाई नमस्कार। उनी ख्रीष्टका एक सह-सेवक हुन्। मेरा प्रिय मित्र स्ताकिसलाई पनि नमस्कार। १०अपोल्लसलाई पनि नमस्कार। उनी ख्रीष्टका साँचो विश्वासीको रूपमा जाँचिएका थिए र प्रमाणित पनि भए। अरिस्तोबलस परिवारका सबै सदस्यहरूलाई नमस्कार। ११हेरोदियनलाई नमस्कार, उनी मेरा कुटुम्ब हुन्। नर्सिसस परिवारलाई पनि नमस्कार जो प्रभुमा छन्। १२त्रिफेना र त्रिफोसालाई पनि नमस्कार। ती नारीहरू प्रभुमा खुबै खटेका छन्। मेरा प्रिय मित्र परसीसलाई पनि नमस्कार। उनी पनि प्रभुमा खुब खटिन्। १३रूफसलाई पनि नमस्कार। उनी प्रभुमा विशेष व्यक्ति हुन्। उनकी आमालाई पनि नमस्कार। उनी मेरी पनि आमा हुन्। १४असिंक्रितस, पलेगन, हर्मस, पत्रोबास अनि ख्रीष्टमा भएका सबै दाजु-भाइ दिदी-बहिनीहरूलाई पनि नमस्कार। १५फिलोलोगस र जुलिया, नेरियस र उनकी बहिनी ओलिम्पासलाई नमस्कार। अनि उनीहरूसँग भएका सबै विश्वासीहरूलाई नमस्कार। १६जब तिमीहरू भेट हुन्छौ एकअर्कालाई, पवित्र चुम्बनद्वारा अभिवादन गर। ख्रीष्टका सम्पूर्ण मण्डलीहरू तिमीहरूलाई अभिवादन चढ़ाउँछन्।

१७दाजु-भाइहरू र दिदी-बहिनीहरू, परस्परमा फुट ल्याउनेहरूसँग होशियार रहौ। अरूहरूको विश्वासमा वाधा ल्याउनेहरूसँग पनि होशियार बस। तिमीहरूले पाएको शिक्षाको उल्टो तिनीहरूले सिकाउँछन्। ती मानिसहरूबाट अलग बस। १८त्यस किसिमका मानिसहरूले हाम्रा प्रभु ख्रीष्टको सेवा गर्दैनन्। तिनीहरू आफै खाँचोको निम्ति मात्र काम गर्दछन्। सीधासादाहरूलाई ती आफ्ना चिप्ला कुरा र खुशामदीले मूर्ख बनाउँदछन्। १९सबै विश्वासीहरू जान्दछन् कि तिमीहरूले परमेश्वरको आज्ञा पालन गर्दछौ। त्यही कारणले गर्दा म तिमीहरूसँग अत्यन्त खुशी छु। तर म चाहन्छु असल कुरामा तिमीहरू बुद्धिमानी बन्नुपर्छ। अनि दुष्ट कुरामा तिमीहरू अबोध बन्नुपर्छ भन्ने म चाहन्छु।

२०परमेश्वर जसले शान्ति ल्याउनुहुन्छ उहाँले शैतानलाई चाँड़ै हराउनु हुनेछ र उहाँले तिमीहरूलाई त्यसमाथि शक्ति प्रदान गर्नुहुनेछ। हाम्रा प्रभु येशूको अनुग्रह तिमीहरूलाई होस्।

२१तिमोथी, मेरा सहकर्मीले तिमीहरूलाई नमस्कार चड़ाउँदछन्। लुसियस, यासोन, अनि सोसिपेटरले (जो मेरा आफन्तहरू हुन) पनि तिमीहरूलाई नमस्कार पठाउँदछन्।

२२म तर्तियस हुँ, पावलले जे बोले ती कुराहरू म लेख्दैछु। अनि परमप्रभुमा म तिमीहरूलाई नमस्कार गर्दछु।

२३गायसले यहाँ मलाई साथै सम्पूर्ण मण्डलीलाई आफ्नो घर चलाउनु दिइराखेका छन्। उनले पनि तिमीहरूलाई नमस्कार भनेका छन्। इरास्तस अनि हाम्रा भाइ क्वार्टसले पनि तिमीहरूलाई नमस्कार भनेका छन्। इरास्टस यस शहरका खजाञ्ची हुन्। २४*

२५परमेश्वरको महिमा होस। परमेश्वरले मात्र तिमीहरूका विश्वासलाई बलियो पार्न सक्नु हुन्छ। उहाँले सुसमाचारको उपयोग गर्न सक्नुहुन्छ जुन म तिमीहरूको विश्वास दरिलो बनाउन प्रचार गर्दछु। त्यो सुसमाचार जुन म प्रचार गर्छु त्यो येशू ख्रीष्टको बारेमा छ। २६त्यो सुसमाचार गुप्त-सत्य जुन परमेश्वरले प्रकट गर्नुभयो। अनि त्यो गुप्त-सत्य सृष्टि काल देखि नै लुप्त थियो। तर त्यो गुप्त-सत्य अगमवक्ताहरूका लेखाइद्वारा हामीलाई ज्ञान गराइएको छ। अनन्त परमेश्वरको आज्ञाले यो गुप्त-सत्य अ-यहूदीहरूलाई ज्ञान गराइयो। यसले आज्ञाकारिता उत्पन्न गर्छ जुन विश्वासबाट आउँदछ। २७येशू ख्रीष्ट मार्फत एक मात्र सर्वज्ञानी परमेश्वरको महिमा होस्। आमिन।

---

**पद २४** केही ग्रीक लिपीहरू २४ पदसँगै समाप्त भयो। "प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूलाई भइरहोस्। आमिन।"

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**
- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from: http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from: http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html